
# लेखापरीक्षण प्रतिवेदन

# त्रिवेणी गाउँपालिका

## आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# त्रिवेणी गाउँपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/665

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम (पश्चिमभाग)।

**कैफियतसहितको राय।**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड १३ लाख ५६ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७० लाख ७० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १३ हजार, पर्यटन पूर्वाधार योजनाको रु.२५ लाख, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.५५ लाख ९५ हजार र स्थानीय तह प्रशासकिय भवन निर्माणको रु.६५ लाख समेत रु.११ करोड ३४ लाख ३४ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ५५ करोड ७४ लाख ७७ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ५ लाख २३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.३६ हजार फर्स्यौट भई बाँकी बेरुजु रु.२ करोड ४ लाख ८७ हजारमध्ये असुल गर्नुपर्ने रू.८ लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५९ लाख ७६ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३६ लाख ३४ हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड १४ लाख २२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२२ करोड १९ लाख ९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने त्रिवेणी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य वेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी त्रिवेणी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | १९१ | २,०५,२२,६५६ | ० | १ | ३६,००० | ० | ७२ | १९० | २,०४,८६,६५६ | ८,७६,४४० | १,३६,३४,०८२ | ५९,७६,१३४ | ० | ० | १,९६,१०,२१६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुम (पश्चिम भाग) | २०,१४,२२,००० | ० | ० | २०,१४,२२,००० | ० | २,०४,८६,६५६ | २२,१९,०८,६५६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७० | सहायक प्र.अ.भत्ता | ३६,००० |
| जम्मा | | | | ३६,००० |

# (८०६५९५०१३०० - त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम )

# परिचय

१ **परिचय :**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, ८५.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २३५२० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२२ देखि २०८०।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-**पालिकाको आय - व्ययतर्फ रु. १५५७४७७३८५।४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३५७७१२। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम | दाखिला मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|
| १२ जनाको पदाधिकारीलाई चाडपर्व खर्च बढी भुक्तानी | ८०००० | २०८१।५।२३ | लक्ष्मी सनराईज बैंक |
| निकासी कर आम्दानी भएकोमा दाखिला नभएकोले असुल भई दाखिला भएको | ५५०० | २०८१।५।२३ | लक्ष्मी सनराईज बैंक |
| प्रशिक्षक भत्ता नर्म्स बढी भुक्तानी भएको असुल | ५९६०० | २०८१।५।२३ | नेपाल बैंक लि. |
| सामाजिक सुरक्षा दोहोरो भुक्तानी तथा मृत्यु भएका व्यक्तिको नाममा खर्च लेखेको असुल भई बेरुजू दाखिला | ५७४५४ | २०८१।५।२४ | नेपाल बैंक लि |
| शिक्षा तर्फ तालिम कार्यक्रम संचालन गर्दा प्रशिक्षक र सहभागी भत्ता नर्म्सभन्दा बढी भुक्तानी भएकोमा असुल भई बेरुजू खातामा दाखिला | १५४००० | २०८१।५।२४ | नेपाल बैंक लि |
| बढी ग्रेड भुक्तानी | ११५८ | २०८१।५।२६ | लक्ष्मी सनराइज बैंक लि |
| **जम्मा** | **३५७७१२** | | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण :**

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) मलेप फारम नं २७०(१) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | १०,१९,५४,८३२.२७ | ० | १०,१९,५४,८३२.२७ |
| १३००० | अनुदान | | ३८,०५,७१,४१४.०१ | ० | ३८,०५,७१,४१४.०१ |
| १४००० | अन्य राजस्व | | ४२,३३,२३८.२७ | ० | ४२,३३,२३८.२७ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ४८,६७,५९,४८४.५५ | | ४८,६७,५९,४८४.५५ |
| ३ | चालु | | ३६,६१,७४,८२८.७९ | ० | ३६,६१,७४,८२८.७९ |
| २१००० | पारिश्रमिक / सुविधा | | २५,२४,२१,५८७.३७ | ० | २५,२४,२१,५८७.३७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,२२,१६,१४६.०० | ० | ८,२२,१६,१४६.०० |
| २६००० | अनुदान | | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | ४१,७२,८६६.०० | ० | ४१,७२,८६६.०० |
| २८००० | अन्य खर्च | | २,७३,६४,२२९.४२ | ० | २,७३,६४,२२९.४२ |
| ४ | पूंजीगत | | ११,७३,५४,८०१.०० | ० | ११,७३,५४,८०१.०० |
| ३१११० | भवन तथा संरचना | | २,४९,०८,५०१.०० | ० | २,४९,०८,५०१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २९,४३,२६७.०० | ० | २९,४३,२६७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,९५,०३,०३३.०० | ० | ८,९५,०३,०३३.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० |
| ५ | वित्तीय | | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४८,३५,२९,६२९.७९ | | ४८,३५,२९,६२९.७९ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३२,२९,८५४.७६ | | ३२,२९,८५४.७६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ११,२५,८३,५२५.४६ | | ११,२५,८३,५२५.४६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ११,५८,१३,३८०.२२ | | ११,५८,१३,३८०.२२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,९६,०३,०९०.९२ | | १,९६,०३,०९०.९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १३,५४,१६,४७१.१४ | | १३,५४,१६,४७१.१४ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९१३५६००६।३४, स्थानीय तह पुर्वाधार विकास साझेदारी कार्यक्रममा रु. ६५०००००।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७०७०१७८।९०, गरिवसँग विश्वेश्वर कार्यक्रम तर्फ रु. ४१३५००।, पर्यटन पूर्वाधार आयोजनामा रु. २४९९५५९। र आन्तरिक मामिला तथा कानुन मन्त्रालय (उद्दार, राहत तथा पुनर्स्थापना खर्च)मा रु.५५९५१९६। समेत गरी रु. ११३४३४४४०।२४ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१९६३५७६६।९२ मौज्दात रहेकोमा पालिकाले तयार गरेको एकीकृत आय व्यय विवरण अनुसार यो वर्ष रु. ४८५८६३४७।६९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२८९५०५८०।७७ बढी जिम्मेवारी सारेको देखिन्छ । बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी पुष्ट्याइ पेश गर्नुपर्ने देखिन्छ।

२.४ मौज्दात : सुत्र अनुसार (मलेप फारम नं २७०) आर्थिक वर्षको अन्त्यमा रु. १३५४१६४७१।१४ मौज्दात रहेको छ। कार्यालयले तयार गरेको एकीकृत आय व्यय विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा रु. १३४६६८४९५।२४ मौज्दात रहेकोले रु. ७४७९७५।९० फरक पर्न गएको छ। पालिकाले फरक परेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२.५ **संचित कोषमा स्थानान्तरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय संचित कोषमा स्वत: जम्मा (स्थानान्तरण) हुने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता, पुँजिगत खाता, आन्तरिक राजश्व खाता र राजश्व बाँडफाट खातामा उल्लेखित तालिका बमोजिम रकम मौज्दात रहेकोमा तोकिएको समयमा सो रकम संचित कोषमा स्थानान्तरण गर्नुपर्दछ ।

२.६ **बैक हिसाव मिलानः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । स्रेस्ता अनुसार वर्षान्तमा रु. १३४६६८४९५।२४ मौज्दात रहेको देखिन्छ।

| सि.नं. | खाताको नाम | बैंकको नाम | श्रेस्ता अनुसार २०८१।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१।३।३१ को बाँकी | फरक रकम |
|---|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व खाता | लक्ष्मी सनराइज बैंक | ० | ३२२०८२८।५६ | ३२२०८२८।५६ |
| २ | बाँडफाँडबाट प्राप्त राजश्व खाता | लक्ष्मी सनराइज बैंक | ० | २२९१०७८।२० | २२९१०७८।२० |
| ३ | आन्तरिक अनुदान खाता | लक्ष्मी सनराइज बैंक | ० | २१२५७१।०० | २१२५७१।०० |
| ४ | चालु खर्च खाता | लक्ष्मी सनराइज बैंक | ० | १५८५२१ | १५८५२१ |
| ५ | पुँजीगत खर्च खाता | लक्ष्मी सनराइज बैंक | ० | ५११२६।०० | ५११२६।०० |
| ६ | विविध खर्च खाता | लक्ष्मी सनराइज बैंक | ३२७६८९।०० | ५८६८९४।१० | २५९२०५।१० |
| ७ | स्थानीय तह धरौटी खाता | लक्ष्मी सनराइज बैंक | ९१०६९२८।५५ | ९१०६९२८।५५ | ०।०० |
| ८ | स्थानीय तह संचित कोष खाता | लक्ष्मी सनराइज बैंक | १४६३७०८५।०९ | ९४०७७०२।३३ | (५२२९३८२।७६ |
| ९ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | लक्ष्मी सनराइज बैंक | ११०५९६७९२।६० | ११०६१४९६१।६० | १८१६९।०० |
| **जम्मा** | | | **१३४६६८४९५।२४** | **१३५६५०६११।३४** | **९८२११६।१०** |

उपर्युक्त तालिका बमोजिम समग्रमा श्रेस्ता भन्दा बैँकमा रु.९८२११६।१० बढी रहेको देखिन्छ। पालिकाले बैँक हिसाब मिलान विवरण तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

२.७ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३६७७८९४।१३, यस वर्षको प्राप्ति रु. १२९१७०८०४।३६ र यस वर्षको भुक्तानी रु. १२५४९२९१०।२३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । साथै पालिकाले फरक परेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५२२६४२४१।८२ | ६९२६०८९६२।१४ | ६१०२०४७०८।७२ | १३४६६८४९५।२४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४८५८६३४७।६९ | ८२१७७९७६६।५ | ७३५६९७६१८।९५ | १३४६६८४९५।२४ |
| **फरक** | **३६७७८९४।१३** | **१२९१७०८०४।३६** | **१२५४९२९१०।२३** | ० |

२.८

पालिकाको प्रकोप व्यवस्थापन कोष खाता, विविध खर्च कोष खाता र धरौटी तर्फको यस वर्षको आम्दानी रु. २३७६९३४९३।०९ र यस वर्षको खर्च रु. १२६६७५०७८.९३ मलेप फारम नं २७०(०१) मा समावेश भएको छैन। यसले गर्दा प्रस्तुत वित्तीय विवरणले यथार्थ आर्थिक विवरणको चित्रण गरेको पाइएन।

३ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । हालसम्म यस गाउँपालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्वेश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तिको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

४ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरेको छैन । उक्त कोषको सञ्चालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । त्यसैले ऐन कानुन तथा कार्यविधी तयार गरी कर्मचारी कल्याण कोष स्थापना गरी सो सञ्चालन सम्वन्धी कानुन तर्जुमा हुनुपर्दछ ।

५ **सेवा प्रवाह विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। यस पालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५९५ |
| मृत्युदर्ता | १३६ |
| बसाईसराई दर्ता | ५८ |
| विवाह दर्ता | १९४ |
| सम्बन्धविच्छेद दर्ता | २० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| ग्राभेल सडक निर्माण | - |
| ग्राभेल सडक मर्मत | - |

पालिकाले सडक निर्माण तथा मर्मत कार्यको परिमाण खुल्ने गरी अभिलेख राखेको पाइएन । सडक निर्माण तथा मर्मतको अभिलेख राख्नु पर्दछ।

६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष आन्तरिक आयबाट रु ८०८७०५७।९० राजस्व बाँडफाँड र अनुदान र गतको मौज्दात समेत रु. ५०२१३४२६७.९७ समेत रु. ५१०२२१३२५।८७ आम्दानी भएकोमा चालु तर्फ रु. ३६६१७४८२८।७९ र पूँजिगत तर्फ रु. ११७३५४८०१। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७९१४००० खर्च भएको छ । पदाधिकारी सुविधामा खर्च भएको मध्ये आन्तरिक आयको हिस्सा ९७.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७५.७३ प्रतिशत चालु र २४.२७ प्रतिशतमात्र पूँजिगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | बजेट र खर्च | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | खर्च | खर्च | खर्च | खर्च | खर्च |
| पुँजीगत | १३७४१२ | ११७३५४ | ११२५ | १७२८७ | ३९४३४ | ५९५०८ | ५१०६९ |
| प्रतिशत | | | ०.९६ | १४.७४ | ३३.६ | ५०.७ | ४३.५१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड ७३ लाख ५४ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ११ लाख २५ हजार (०.९६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ७२ लाख ८७ हजार (१४.७४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३ करोड ९४ लाख ३४ हजार (३३.६० प्रतिशत) खर्च, चौथो त्रैमासिकमा ५ करोड ९५ लाख ०८ हजार (५०.७० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड १० लाख ६९ हजार (४३.५१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १९८२९४०० | १९२७६१२३ | ३.९९ |
| २ | पूर्वाधार विकास | ७३६४४००० | ६२०२६७४५ | १२.८३ |
| ३ | सामाजिक विकास | २३७९६४००० | २१९८४५०८४ | ४५.४७ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६००००० | १५९८४८९ | ०.३३ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २१०९४७१२२ | १८०७८३१८८ | ३७.३८ |
| जम्मा | | ५४३९८४५२२ | ४८३५२९६२९ | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.४७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.३३ प्रतिशत खर्च भएको छ । अन्य कार्यालय संचालन तथा प्रशासनीक कार्यमा रु १८०७८३१८८। खर्च भएको छ। जुन आन्तरिक आय रु. ८०८७०५७।९० को तुलनामा २२३५.४६ प्रतिशत बढी देखिन्छ।

१० **योजना प्राथमिकीकरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल २८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | रु.२० लाखमाथिका योजना | | रु.५ लाखदेखि २० लाख सम्मका योजना | | रु.५लाखभन्दा कमका योजना | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १ | १२ | ९०५००००० | १६ | १४०००००० | ० | ० | २८ | १०४५००००० |
| जम्मा | १२ | ९०५००००० | १६ | १४०००००० | ० | ० | २८ | १०४५००००० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकामा सो अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१२ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५० करोड ९६ लाख ४० हजारको बजेट प्रस्तुत गरेकोमा रु. ५३ करोड ८८ लाख ४० हजार विनियोजन ऐन स्वीकृत भई २०८०।४।६ मा रु. ५४ करोड ३९ लाख ८५ हजारको खर्च गर्न स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । विनियोजन ऐन अनुसारको अख्तियारी प्रदान गर्नुपर्दछ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

१३ **गत वर्षको भुक्तानी :**

१३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) अनुसार भुक्तानी दिन बाँकीको विवरण कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको मलेप फारम नं २२१ अनुसार आर्थिक वर्ष २०७९।८० को कर्मचारी पारिश्रमिक, कार्यालय संचालन र ट्रस्ट पुलको स्टिल पाट्र्स खरिद तथा जडान लगायतको कार्यमा भुक्तानी दिनुपर्ने दायित्व रु. ६१४३५३४.०० रहेकोमा उक्त दायित्वमध्ये आर्थिक वर्ष २०८०।८१ मा रु. ६०५७२५९.०० भुक्तानी भएको छ। त्ययसैगरी यस वर्ष भवन निर्माण, खानेपानी योजना मर्मत, कर, धरौटी दाखिला गर्न बाँकी रकम लगायतमा आगामी वर्ष भुक्तानी दिने गरी रु.६७६०५७९.०० दायित्व रहेको देखिन्छ। यसले गर्दा प्रत्येक वर्षको बजेट विनियोजनमा गत विगतका भुक्तानी दिनुपर्ने रकममा विनियोजन हुने गरेको देखिन्छ । गाउँपालिकाले स्रोत सुनिश्चितता गरी यथार्थपरक वजेट बनाउनु पर्दछ ।

१३.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३९)१५ बमोजिम विविध खर्च शिर्षकलाई भुक्तानी दिन बाँकीको विवरणको (मलेप फारम नं २२१) मा दायित्व राखी भुक्तानी दिन मिल्ने देखिदैन । पालिकाले विविध खर्च रु. ७४१२०। भुक्तानी बाँकीको विवरण समावेश गरी गो.भौ.नं १८।०८०।६।१८ बाट मा सुनौलो होटल एण्ड रेष्टुरेन्टलाई रु. ७४१२०। भुक्तानी दिएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ७४,१२० |

१४ **धरौटी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) अनुसार जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले १ वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाण सहित धरौटी फिर्ताको लागि निवेदन दिनुपर्ने तथा ६७(२) मा धरौटी फिर्ता पाउने ठहर भएको एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने र उक्त म्याद भित्र धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा दाखिला गर्नुपर्ने र नियम ६८ (घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभए बैंक खातामा आम्दानी बाँध्नुपर्ने उल्लेख छ । धरौटीको कच्चावारी अनुसार नामनामेसी नखुलेको धरौटी रु.३२८३०८६।९९ त्रिवेणी गाउँपालिकाको नाममा राखेको देखिन्छ। उक्त धरौटी रकमको प्रयोजन र समाप्त हुने अवधिसमेत उल्लेख गरेको छैन। पालिकाले नामनामेसी नखुलेको एवं विभिन्न व्यक्ति तथा संस्थाको नाममा रहेको धरौटी यकिन गरी नियमावली बमोजिम फिर्ता तथा सदरस्याहा गर्नुपर्दछ।

१५ **धरौटीः**

आन्तरिक राजस्व विभागको मिति २०६९।६।१० को पत्रानुसार धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र पेश नभई भुक्तानी दिएकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.न.। मिति | निर्माण व्यवसायी | रकम |
|---|---|---|
| ४।२०८०।६।२५ | कोशेली कन्ट्रक्सन | ९५७८१ |
| ८।२०८०।८।६ | मुरु कन्ट्रक्सन एण्ड सप्लायर्स | ६५०५२ |
| जम्मा | | १६०८३३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,८३३ |

१६ **सम्पत्तिको संरक्षण र उपयोगः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षण अभिलेख नरहेको, सवारी साधन सञ्चालनको लगबुक अद्यावधिक नराखेको, सम्पत्ति संरक्षण र उपयोग नीति र मापदण्ड नबनेको अवस्थामा स्थानीय तह भित्रका सरकारी, ऐलानी तथा पर्ति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत नगरेको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई अभिलेख राख्नुपर्दछ ।

१७ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण गराई उपलब्ध गराएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित सामानहरु मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी मर्मत र लिलाम गर्नुपर्ने केही उदाहरण देहाय बमोजिम छन :

| क्र सं | सामानको नाम | मर्मत गर्नुपर्ने | लिलाम/बिक्री गर्नुपर्ने |
|---|---|---|---|
| १. | मोटरसाइकल | २५ | ५ |
| २. | टेलिभिजन | १ | १ |
| ३. | डेस्कटप कम्प्युटर | १० | ११ |
| ४. | ल्यापटक | १५ | २ |
| ५. | सोलार सेट | ५ | १ |
| ६. | अन्य फर्निचर | ० | २२ |

१८ **आन्तरिक लेखापरीक्षण :**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले अन्तर अख्तियारी मार्फत (CGAS) निकासा भएको रकमको नियमानुसार आन्तरिक लेखापरीक्षण गरेकोमा पालिकाको सुत्र तर्फको आय व्ययको आन्तरिक लेखापरीक्षण गरेको पाईएन । पालिकामा हालसम्म आन्तरिक लेखापरीक्षकको दरबन्दी रिक्त रहेको पाईएको हुँदा नियमानुसार पदपुर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

१९ **परामर्श सेवाः**

कार्यालयले गर्नुपर्ने काम परामर्शदातावाट गराउने कार्यलाइ न्युनिकरण गर्नुपर्दछ। कार्यालयले देहायअनुसारको काम परामर्शदातालाइ दिइ देहायअनुसार भुक्तानी गरेको छ ।कार्यालयले नै गर्नुपर्ने यस्तो कार्यक्रम अन्य निकायवाट गराउनु उचित देखिएन।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.न.।मिति | भुक्तानी पाउनेको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २६३।२०८१।३।२० | काव्य नेपाल प्रा.लि. | युवामैत्री स्थानीय शासनका लागि युवा मुद्दामा बहस पैरवी कार्यक्रम संचालन | २५०००० |
| २४१।२०८१।३।१८ | सिर्जनशील युवा सञ्जाल नेपाल | युवा स्वयंसेवक विकास र परिचालन | २९५००० |

२० **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको १२ गरी कुल २० विवाद दर्ता भएकोमा १२ वटा मात्र फर्स्यौट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२१ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म २० वटा ऐन, ३ वटा नियमावली, ५२ कार्यविधि, मापदण्ड तथा निर्देशिका लगायत ७५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् ।

२२ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११७३५४८०१। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२३ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिइएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्नअनुसार विगत आर्थिक वर्षमा दिएको देहाय बमोजिमको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. २९९९४९११। बाँकी रहेको देखिन्छ । पालिकाले फर्स्यौट गर्न बाँकी रहेको पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम | पेश्कीको विवरण | पेश्की रकम (म्याद नाघेको) |
|---|---|---|
| श्री शुभ प्रभात आधारभूत विद्यालय | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | २१०००० |
| श्री चन्द्र सुर्य आधारभुत विद्यालय | विद्यालय भवन निर्माण अनुदान | ३६०००० |
| श्री बाल बिकास आधारभुत विद्यालय | चारकोठे भवन निर्माण | ६००००० |
| श्री विद्या विकास माध्यमिक विद्यालय | चारकोठे भवन निर्माण | ६००००० |
| श्री विद्या विकास माध्यमिक विद्यालय | विद्यालय कक्षा कोठा निर्माण | ७२०००० |
| सिम्रुतुखोला सहकारी संस्था लिमिटेड | सिम्रुतु खोला जलविद्युत परियोजना | १००००००० |
| सिर्जना खड्का | विविध कार्यक्रम खर्च | २०००० |
| एच टि सि कन्स्ट्रक्सन प्रा ली | अस्पताल निर्माण | १७४८४९११ |
| **जम्मा** | | **२९९९४९११** |

२४ **अनुदान फिर्ता :**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रकम रू. १२०५८४६९।९९ मिति २०८१।३।३० मा फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २१९१४४००० | २०८९४४८९९ | १०१९९१००।९९ | ० |
| | विषेश | १६५००००० | १६४९९२३६ | ७६४ | ० |
| | समपुरक | ८०००००० | ६२८२५७३ | १७१७४२७ | ० |
| **प्रदेश सरकार** | शसर्त | ४२४८७००० | ४२३८८१४५ | ९८८५५ | ० |
| | विषेश | ७०७६८६४ | ७०३४५४१ | ४२३२३ | ० |
| | समपुरक | १०३१०१६१ | १०३१०१६१ | ० | ० |
| | **जम्मा** | **३०३५१८०२५** | **२९१४५९५५५** | **१२०५८४६९।९९** | ० |

२५ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लक्ष्य प्रगति विवरण तयार पारेको देखिएन । पुँजिगत तर्फ रु.१३७४१२५२२। बजेट व्यवस्था भएकोमा रु. ११७३५४८०१। खर्च भई ८५.४० प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। पालिकाले नियमानुसार प्रगति विवरण तयार गर्नुपर्दछ।

२६ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन

प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२७ **भुकम्प प्रभावित घर परिवार अस्थायी आवास कार्यक्रम :**

वि.स. २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर गएको भुकम्पमा क्षतिग्रस्त भएको घर तथा आवासको अस्थाई व्यवस्थापनको लागि प्रति परिवार रु.५००००।०० अनुदान दिने गरी कार्यविधी स्वीकृत भएको र सो अनुसार छनौट भएको लाभग्राहीको लागि पालिकालाई यस वर्ष पहिलो किस्ता वापत रु. ११८१२५०००।०० निकासा भएकोमा सो रकम ४७२५ जनालाई वितरण भएको छ। दोस्रो किस्ता वापत रु.१०९७०००००।०० निकासा भएकोमा खर्च नभई पालिकाको प्रकोप व्यवस्थापन कोषमा मौज्दात रहेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन:

२७.१ **लाभग्राही छनौटः** भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को नियम ३ मा लाभग्राही छनौट तथा पहिचान सम्बन्धि व्यवस्था छ। सो व्यवस्था अनुसार भुकम्प गएका बखत एउटै आवासमा बसोबास गर्ने एउटा परिवारलाई एउटा मात्र लाभग्राही मानी अनुदान उपलब्ध गराउने उल्लेख छ। स्थानीय विपत जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले स्वघोषणा र वडाको सिफारिसको आधारमा आवश्यक जाँचबुझ गरी लाभग्राही यकिन गर्नुपर्ने देखिन्छ। जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार यस पालिका भरिमा कुल जनसंख्या २०५२५ र ४३०८ घरपरिवार रहेकोमा ५०६९ लाभग्राही छनौट भई ४७२५ लाभग्राहीलाई पहिलो किस्ता निकासा भएको छ। पालिकाले वास्तविक रुपमा भुकम्प प्रभावित परिवारको पहिचान गरी सोही आधारमा अनुदान रकम वितरण गर्नुपर्दछ ।

२७.२ **अनुदान वितरण** : भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि, २०८० को दफा ४ मा छनौट भएका लाभग्राहीहरुलाई अनूसुचि-२ अनुसार सम्झौताको पहिलो किस्ता वापत रु. २५०००।०० अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ। छ।पालिकाबाट प्राप्त विवरण अनुसार ५०६९ लाभग्राही छनोट भएकोमा पहिलो किस्ता ४७२५ लाभग्राहीले मात्र अनुदान लिएको देखिन्छ। बाँकी ३४४ लाभग्राही मध्ये नेपाल रेडक्रस सोसाईटिवाट १०० जनाले अनुदान लिएकोले बाँकी २४४ जनाले भूकम्प गएको लामोसमय व्यतित हुँदा पनि अस्थायी आवास निर्माण प्रयोजनका लागि निवेदन नदिएको हुँदा लाभग्राही भए नभएको यकिन गरी लाभग्राहीहरुको विवरण अद्यावधिक गर्नुपर्दछ।

२७.३ **अस्थायी आवास निर्माण अनुदानः** कार्यविधिको दफा ५ मा अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परिवारलाई नेपाल सरकारवाट उपलब्ध गराईने पुर्ननिर्माण अनुदान सम्बन्धि अनुदान सरकारी बाँकी सरह असुल गर्नुपर्ने उल्लेख छ। साथै आवास निर्माण सम्बन्धमा आवश्यक अनुगमन गर्ने जिम्मा स्थानीय तहलाई रहेको देखिन्छ। छनौट भएका लाभग्राहीहरु मध्ये वडाका आधारमा आवास निर्माणको काम भए नभएको तथा काम सुरु गरे वा नगरेको अनुगमन मार्फत यकिन गरी अनुदान रकमको सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा ३५ जना पदपूर्ती भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत प्रशासन-२, लेखा अधिकृत-१, इन्जिनियर-१, सहायक प्रशासन-२ आलेप पाँचौ-१, कृषि अधिकृत -१, पशु सेवा अधिकृत-१, सब इन्जिनियर -३ लगायत १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

२९ **कर्मचारी करार :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा स्वास्थ्य सेवा तथा नगरपालिका अन्तर्गत गरी १०५ जना कर्मचारीहरु करारमा राखी तलब भत्ता बापत रु. २९०६४२०४। खर्च भएको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पद बाहेकको मुद्दा दर्ता अधिकारी १, कम्प्युटर अपरेटर ३, कर संकलक १ समेत ५ जना करार नियुक्ति गरी पालिकाले तलब भत्तामा रु.१८४०१५०। खर्च गरेको देखिन्छ । कार्यबोझ विश्लेषणका आधारमा O&M सर्वेक्षण गरी कानुन बमोजिम पारदर्शि हिसावले कर्मचारी नियुक्ति गर्नुपर्नेमा ऐनको व्यवस्था विपरित कर्मचारी नियुक्ति गरी भुक्तानी गर्नु उचित र नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १८,४०,१५० |

३० **कर तथा शुल्क असुली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| भुमिकर/मालपोत | २५००००० | १८४४००७.७२ | ७३।७६ |
| वहाल कर | १०००००० | १६६७९५०।६० | १६६।८० |
| वहाल विटौरी कर | ० | २०३५।०० | ०।०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १५७७८६।५० | ०।०० |
| अन्य कर | ३३००००० | १९९६२८ | ६।०५ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ६०००।०० | ०।०० |
| नक्सापास दस्तुर | ५०००० | ४११०।६५ | ८।२२ |
| परीक्षा शुल्क | ५०००० | ० | ०।०० |
| सिफारिश दस्तुर | २५००००० | २७९६२१६।२५ | १११।८५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ५३२५००।०० | ५३२।५० |
| नाता प्रमाणित दस्तुर | ० | ३११०००।०० | ०।०० |
| अन्य दस्तुर | ० | १३९५१२।५८ | ०।०० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १३८५००।०० | ०।०० |
| अन्य क्षेत्रको आय | ० | ८२४०१ | ०।०० |
| व्यवसाय कर | ५००००० | २०५४०९।७० | ४१।०८ |
| **जम्मा** | **१०००००००** | **८०८७०५७।९०** | **८०।८७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको, राजश्व प्रक्षेपण नगरेका शिर्षकमा समेत आम्दानी भएकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।साथै उल्लेखित

तालिका बमोजिम राजश्व प्रक्षेपण नगरेको शिर्षकमा समेत कर तथा शुल्क असुली भएको देखिन्छ। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याई कर प्रक्षेपण समेत वस्तुपरक ढंगबाट गर्नुपर्दछ।

३१ **आय दाखिलाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिका केन्द्रले विभिन्न करवापत देहाय बमोजिम प्राप्त गरेको आम्दानी महिनाको अन्तिममा दाखिला हुने गरेको पाईयो । साथै १० वटै वडाबाट आम्दानी भएको राजश्व समेत मासिक रुपमा जम्मा हुने गरेको पाइयो। पालिकाले राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्नेमा नगर्नुको उचित र मनासिव कारण देखिएन । कार्यालयले नियमानुसार सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई तोकिएको समयमा राजश्व रकम संचित कोषमा दाखिला गर्नुपर्दछ।

| सि.नं. | आम्दानी रकम | महिना | बैंङ्क दाखिला रकम रु. |
|---|---|---|---|
| १. | ४९२२८ | श्रावण | ० |
| २. | २२०७८ | भाद्र | ४७७२८ |
| ३. | ६६४७९।२० | असोज | २२०७८ |
| ४. | १३५२५ | कार्तिक | ० |
| ५. | ६५८३७।५० | मंसिर | ८०००४।२० |
| ६. | २२११०।६५ | पौष | ६५८३७।५० |
| ७. | २७७८१ | माघ | २३४१०।६५ |
| ८. | ४००० | फाल्गुण | २७७८१ |
| ९. | २७५२५ | चैत्र | ४२०० |
| १०. | १७३४८ | बैसाख | २७५२५ |
| ११. | १९४५३ | जेष्ठ | १७३४८ |
| १२. | ६७०३८ | आषाढ | ८६४९१ |
| **जम्मा** | **४०२४०३** | | **४०२४०३** |

३२ **राजश्वको लेखा :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ बमोजिम कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसबली राजस्व आम्दानी दाखिला गरी दोहोरो लेखा प्रणाली अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले युद्ध संग्रहालय प्रवेश शुल्क, निकासी कर र एम्बुलेन्स भाडामा लगाउँदा नगदी रसिद प्रयोग गरी रु. १०१५१०२। आम्दानी गरेकोमा राजस्व प्राप्त गर्दा प्रयोग गर्ने राजस्वको दैनिक आम्दानी रजिष्टर म.ले.प.फा.नं.१०६ तोकिएको ढांचामा राखेको देखिएन । साथै छपाइ गरी प्राप्त नगदी रसिद सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीमा आम्दानी बाधेको समेत पाइएन । जसवाट स्रेस्ता र राजस्वको आर्थिक बिवरणमा देखाएको राजस्व आम्दानी रकम यथार्थ छ भन्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा कार्यालयले सुधार गरी राजस्व आम्दानी तथा दाखिलाको स्रेस्तालाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

३३ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१३८५००। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाइएन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २३१७२६७०८ | ८०८७०५७।९० | ३.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३५ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले गरेको खरिद तथा निर्माणको कार्यमा लागत अनुमान भन्दा ५०.३१ प्रतिशत सम्म घटीमा कबोल गरेर सम्झौता भएका केही ठेक्का विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | ५ ।०८०। ८१ | साझा रुख- आबि झुम्के- टोड्के सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १५२४९९१३ | ७५७७६२० | ५०.३१ |
| २. | ४।०८०। ८१ | लामाखेत – जिवाङ रोल्पा सडक | राप्ति निर्माण सेवा एण्ड राशन आपूर्ति सप्लायर्स | १४२९६८२१ | ७४५३६७२ | ४७.८६ |
| ३. | २।०८०। ८१ | मुरु स्वास्थ्य चौकी भवन मर्मत योजना | चन्द्रलक्ष्मी निर्माण सेवा प्रा लि | ३७८७०९० | २५०९१५५ | ३३.७४ |
| ४. | ४।०८०। ८१ | खारा लिवाङ काउले चौर सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९५३९७३० | ४७७७५७५ | ४९.९२ |

पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यसरी घटी कवोलमा सम्झौता भएका निर्माण कार्यमा प्रयोग भएका सामाग्रीको गुणस्तर परीक्षण सम्झौतामा तोकेको तरिकाले भए नभएको वा नर्म्स नै अधिक भएको सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

३६ **उपभोक्ता समिति मार्फत कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष २० वटा उपभोक्ता समिति मार्फत सडक, पर्खाल, शौचालय, भवन निर्माण कार्य गराई रु.२३१२०५११। भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार

ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्ना गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

क. हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समिति मार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन ।

ख. कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वियनको लागि कार्यतालिका लिएको छैन ।

ग. नियम ९७(७) बमोजिम सामाजिक लेखापरीक्षण नगराएको ।

घ. उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।

ङ. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।

च. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसंग सम्झौता भएका देहायका योजना निर्माण व्यवसायी मार्फत कार्यान्वियन भएको प्राप्त विल भर्पाई वाट देखिन्छ । उपभोक्ता समिति मार्फत काम गर्ने गरी विना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीवाट गराउन मिल्ने देखिदैन । उपभोक्ता समितिले सम्झौता गरी निर्माण गर्ने जिम्मा लिई निर्माण व्यवसायी मार्फत कार्य गराएको केही उदाहरण निम्नानुसार छन ।

| गो भौ नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | निर्माण व्यवसायीको नाम | उपभोक्ता समितिलाइ भुक्तानी रकम | निर्माण व्यवसायीको विल |
|---|---|---|---|---|---|
| १५। ०८०। १२।१४ (प्रदेश) | भयाराथान टोड्के सडक निर्माण योजना, त्रिवेणी गापा १० | श्री भयाराथान टोड्के सडक निर्माण उपभोक्ता समिति वडा नं १० | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३८४०००० | ३८९५०२६ |
| १६। ०८०।९। २ (गा पा पुँजिगत) | सडक बाटो सरसफाइ योजना वडा नं १ | सडक बाटो सरसफाइ योजना उपभोक्ता समिति वडा नं १ | चन्द्र विल्डर्स | ४८०००० | ५०२१६७ |
| १५। ०८०।९। २० | सडक बाटो सरसफाई योजना वडा नं ४ | सडक बाटो सरसफाइ योजना उपभोक्ता समिति वडा नं ४ | वि एण्ड वि महर ग्रुप निर्माण सेवा प्रा लि | ४८०००० | ५३५५९४ |
| १४। ०८०।९। २० | सडक सरसफाई कार्य वडा नं ५ | सडक बाटो सरसफाइ योजना उपभोक्ता समिति वडा नं ५ | शिवधाम वाहुनडेरा निर्माण सेवा प्रा लि | ४८०००० | ५५११४४ |

३७ **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम वनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत निर्माण कार्य

गराउँदा अधिकांशमा गुणस्तर परिक्षण गरेको छैन । निर्माण कार्यको गुणस्तर परिक्षण नगर्दा निर्माण सामाग्री र सम्पन्न कार्य गुणस्तरयुक्त छ भनी आश्वस्त हुन सक्ने अवस्था छैन। नियममा तोकिए अनुसार सबै निर्माण कार्यको गुणस्तर परिक्षण गराउनु पर्दछ ।

३८ **नर्म्सभन्दा वढी भुक्तानी :**

अर्थ मन्त्रालयद्वारा जारी कार्य संचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला सम्बन्धी व्यवस्था गरिएको छ । पालिकाले न्यायीक समितिको ४८ घन्टे आधारभुत तालिम कार्यक्रम संचालन गरेवापत श्री अर्जुन कुमार चन्दले रु. २४००००। पेश्की फस्र्योट गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेको छ :

३८.१ **बढी भुक्तानी :** उक्त निर्देशिका बमोजिम प्रशिक्षक भत्ता प्रति शेसन रु.१०००। को दरले भुक्तानी दिनुपर्नेमा २४००। को दरले अधिवक्ता श्री टेकबहादुर खड्कालाई प्रशिक्षक भत्तावापत ८ दिनमा २० सेसनको रु. २४००। दर राखी रु ४०८००।(कर बाहेक) भुक्तानी लिएको देखिएकोमा नर्म्सभन्दा १४००। बढी राखी २० सेसनको २८०००। बढी भुक्तानी लिएको देखिन्छ। नर्म्सभन्दा बढी भुक्तानी भएको रु २३८००(कर बाहेक) रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८०० |

३८.२ तालिम कार्यक्रम संचालन भएको कार्यपत्र तथा फोटोहरु समेत पेश नभएको देखिन्छ।

३९ **विद्युत जरिवाना :**

विद्युत महसुल भुकानी गर्दा समयमै तिरी छुट रिवेट लिई खर्चलाई मितव्ययी गर्नुपर्नेमा जरिवाना समेत भूक्तानी गरेको देखियो। महशुल भुक्तानी गर्दा जरिवाना २५ प्रतिशत सम्म तिरेको देखियो। सोको अभिलेख नराखेको हुँदा विद्युत महशुल पहिलेको वक्यौता कति रहेको छ र बास्तविक तिर्नुपर्ने रकम कति हो भन्ने सम्बन्धमा लगत नराखी जरिवाना तिरेको रकम नियमसम्मत नदेखिएको रु

| गोश्वारा भौचर नम्बर | बिल रकम | जरिवाना वापतको रकम |
|---|---|---|
| १३९।०८०।११।९ | ४७५३४ | ११८८३ |
| **जम्मा** | | **११८८३** |

| | |
|---|---|
| अनियमित भएको | ११,८८३ |

४० **सामान दाखिला नगरेको :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा कुनै प्रकारवाट प्राप्त हुन आएको सम्पत्ति वा जिन्सी मालसामानको मूल्यसमेत खुलाई आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको गो.भौ बाट सामान खरिद गरी दाखिला गरेको नदेखिएकोले सामान दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| गो भौ नं | सप्लायर्सको नाम | विवरण | रकम |
|---|---|---|---|
| २२८।०८१।२।३१ | ए टु जेट सपिङ सेन्टर | मसलन्द लगायतका सामान | १६६५० |
| २।०८०।९।२९(शिक्षा चालु) | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | १६१९० |
| | खड्का भाडा पसल | मसलन्द लगायतका सामान | १२८६० |
| | हरि आर्ट बहुप्रिन्ट डिजिटल अपसेट प्रेस | मसलन्द लगायतका सामान | ५०० |
| ५।०८१।३।१२(शिक्षा चालु) | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | १३३२५ |
| | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | ८००० |
| | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | १४०९० |
| | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | १०१२५ |
| | पि के स्टेशनरी एण्ड सप्लायर्स | मसलन्द लगायतका सामान | १९५५० |
| १।०८०।८।२६ | मोहविर हार्डवेयर एण्ड भाडा पसल | त्रिपाल खरिद | ९६४११६ |
| **जम्मा** | | | **१०७५४०६** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,७५,४०६ |

४१ **मर्मत खर्च :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकामा जिप १, एम्बुलेन्स २ र मोटरसाइकल २७ वटा रहेकोमा यस वर्ष सवारी साधन मर्मतमा रु.२११७३७८। खर्च गरेको छ । लागत अनुमान तयार गरी सम्भार तथा संरक्षण अभिलेख समेत राखी सवारी साधन मर्मत गराउनु पर्दछ ।

४२ **पदाधिकारी सुविधा :**

कर्णाली प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१ र २ बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले ५३ जना पदाधिकारीहरुलाई २०८०।८१ मा रु. ७९१४०००। भुक्तानी दिएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३५ जना | जम्मा ५३ जना |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | २४०००० | १४४००० | ८४०००० | १२७२००० |
| २ | यातायात खर्च | ० | ० | ० | ० | ० | ० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | ३६०००० | ७२००० | ४२०००० | ९२४००० |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | ३६००० | ३६००० | ३६०००० | ७२००० | २१०००० | ७१४००० |
| ५ | अनुगमन सुविधा | १८०००० | १४४००० | ९६०००० | ७२००० | ८४०००० | २१९६००० |
| ६ | अतिथि सत्कार | ६०००० | ४८००० | ४८०००० | ७२००० | ४२०००० | १०८०००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ८४००० | ७२००० | २४०००० | १४४००० | ४२०००० | ९६०००० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १५०००० | ६३००० | ५२५००० | ७६८००० |
| | **जम्मा** | **४३५०००** | **३७५०००** | **२७९००००** | **६३९०००** | **३६७५०००** | **७९१४०००** |

४३ **उपकरण संचालन :**

अस्पतालले गुणस्तरिय सेवा प्रदान गर्नको लागि उपलब्ध साधन र स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। कार्यालयले त्रिवेणी गाउपालिका अस्पतालको लागि मिति २०७८।१२।२० मा रु. २७३७०००। मा खरिद गरेको डिजिटल एक्स-रे मेशिन विद्युत भोल्टेज नपुगेको कारण संचालनमा ल्याएको देखिएन । पालिकाले उपलव्ध भएको स्रोत साधनको समुचित उपयोगमा ध्यान पुर्याउन नसक्दा सेवाग्राहीहरु सेवा लिनवाट वञ्चित भएको अवस्था रहेको छ । पालिकाले उपलव्ध साधन र स्रोतको उच्चतम प्रयोग गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरेर अस्पताललाई थप व्यवस्थित गर्दै जानु पर्छ।



डिजिटल एक्स-से मेशिन

४४ **दश शैय्या अस्पताल भवन निर्माण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र निवेदन प्राप्त भए पछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएमा म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिभित्रै गरिसक्नु पर्ने उल्लेख छ । गाउँपालिका १० शैयाँ अस्पताल भवन निर्माण कार्य गर्न एचटिसि कन्स्ट्रक्सन प्रा. लि. सँग मिति २०७९।२।५ मा रु. ९,८७,८९,७५०।८८ (मू. अ. कर समेत) मा मिति २०८१।१।२५ भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो। कार्यालयले गतवर्ष प्रथम रनिङ्ग बिलको रु.१,०५,०२,७२४।०० मूल्य अभिवृद्धि करसमेत भुक्तानी गरेको छ। यसवर्ष कुनै रनिङ्ग बिलको

रकम भुक्तानी गरेको देखिन आएन । निर्माण व्यवसायीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयबाट सम्झौता बमोजिमको बजेट निकासा प्राप्त नभएको, मनसुनजन्य अवरोधका कारणले गर्दा निर्माण सामाग्री ढुवानी गर्न नसकेकोले म्याद थप माग गरे बमोजिम कार्यपालिकाको २०८१।३।३ को बैठकबाट थप आर्थिक भार तथा दायित्व नपर्ने गरी २०८२।३।२५ सम्म म्याद थप गरिएको छ । कार्यालयले समयमै बजेटको व्यवस्था गरी सम्झौता बमोजिम कार्य गर्नु गराउनु पर्दछ।

४५ **कार्यविधि विपरित खर्च :**

समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ को दफा ६ मा नेपाल सरकारले स्थानीय तहलाई कुल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिमका ४ योजनामा सडक निर्माण कार्यमा कम्तिमा पालिकाको तर्फबाट ५० प्रतिशत रकम साझेदारी गर्नुपर्नेमा रू.३१९४४५९.५ घटी साझेदारी गरेको हुँदा उक्त रकम मध्ये संघीय संचित कोषमा रु.२५५०३९७।५० र प्रदेश संचित कोषमा रु. ६४४०६२।०० फिर्ता गर्नुपर्ने देखिएको रु

| संघीय पुँजिगत (समपुरक) तर्फ | | गाउँपालिका पुँजिगत | | विवरण | घटी व्यहोरेको रकम |
|---|---|---|---|---|---|
| गो भौ नं र मिति | रकम | गो भौ नं र मिति | रकम | | |
| २०।०८१।१।२४ | १५०००० | ५६।०८१।३।२२ | १०५१८५४ | साझा रुख- आवि झुम्के- वरनेटी टोड्के सडक निर्माण कार्यमा रु. ७२०४५०३। खर्च भएकोमा पालिकाले रु. ३६०२२५१।५० व्यहोर्नुपर्नेमा रु. १०५१८५४। मात्र व्यहोरेको हुँदा रु. २५५०३९७।५० घटी व्यहोरेको | २५५०३९७।५० |
| ६०।०८१।३।२२ | ५८५०००० | | | | |
| ६७।०८१।३।२४ | ९८६४९ | | | | |
| ७०।८१।३।२४ | ५४००० | | | | |
| **जम्मा** | **६१५२६४९** | | **१०५१८५४** | | |
| **प्रदेश पुँजिगत समपुरक तर्फ** | | | | | |
| १८।०८०।१२।१५ | १८२८२२५ | ३७।०८०।१२।१५ | १८२८२२५ | पैरेटा-मुरु- लाछिकोट सडक निर्माण वडा नं ७ को सडक निर्माण कार्यमा रु.६९७५२२४। खर्च भएकोमा पालिकाले रु. ३४८७६१२। व्यहोर्नुपर्नेमा रु. ३२२८२२५। मात्र व्यहोरेको हुँदा रु. २५९३८७। घटी व्यहोरेको | २५९३८७। |
| ६२।०८१।३।२२ | १८१८७७४ | ५५।०८१।३।२२ | १४००००० | | |
| ७८।०८१।३।२६ | १००००० | | | | |
| **जम्मा** | **३७४६९९९** | | **३२२८२२५** | | |
| १२।०८०।१२।१३ | २४२४७१६ | ३४।०८०।१२।१३ | ३५०८७१५ | लामाखेत-जिवाङ-लामामेला- रोल्पा सडक निर्माण कार्यको रु.७७७११८१। खर्च भएकोमा पालिकाले रु. ३८८५५९०।५० व्यहोर्नुपर्नेमा रु. ३५०८७१५ मात्र व्यहोरेको हुँदा रु. ३७६८७५।५० घटी व्यहोरेको | ३७६८७५।५० |
| ५९।०८१।३।२२ | ३००००० | | | | |
| ६८।०८१। | १४९०००० | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३।२२ | | | | | |
| ७८। ०८१। ३।२३ | ४७७५० | | | | |
| **जम्मा** | **४२६२४६६** | | **३५०८७१५** | | |
| १९। ०८०। १२। १५ | १३८४०५८ | ३८। ०८०। १२। १५ | १३८४०५८ | खारा-लिवाङ-काउलेचौर सडक निर्माण कार्यमा रु.४५८३७१५। खर्च भएकोमा पालिकाले रु. २२९१८५७।५० व्यहोर्नुपर्नेमा रु. २२८४०५८ मात्र व्यहोरेको हुँदा रु. ७७९९।५० घटी व्यहोरेको | ७७९९।५० |
| २१। ०८१। १।१४ | ६५१५२ | ५४। ०८१। ०३। २२ | ९००००० | | |
| ६१। ०८१। ३।२२ | ६९३५९७ | | | | |
| ७८। ०८१। ३।२५ | १००००० | | | | |
| ७९। ०८१। ३।२४ | ५६८५० | | | | |
| **जम्मा** | **२२९९६५७** | | **२२८४०५८** | | |
| **कुल जम्मा** | | | | | **३१९४४५९.५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,९४,४५९.५ |

४६ **खरिदमा कार्यमा प्रतिस्पर्धा :**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाख भन्दा माथि रु. २० लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु. ४१४२०००। र औषधी खरिदमा रु. २४०९६७३। पटक पटक गरी खर्च गरेको गरेको छ । पालिकाले पटक पटक खरिद नगरी खरिद योजना तयार गरी प्रतिष्पर्धा गराई बोलपत्रको माध्यमबाट मितव्ययी ढंगवाट खरिद कार्य गर्नु पर्दछ। सोझै खरिद गरिएका केही उदाहरण देहाय बमोजिम छन :

| भौ नं। मिति | समानको विवरण | सप्लायर्स | बिल रकम |
|---|---|---|---|
| मसलन्द तथा कार्यालय सामग्री | | | |
| ३०।०८०।६।२५ | मसलन्द तथा कार्यालय सामग्री खरिद | विभिन्न | ८८११४२ |
| ३००।०८१।३।२२ | छपाइ तथा मसलन्द | अम्वा छापाखाना | १७०७५४ |
| **औषधी खरिद** | | | |
| १६३।०८१।२।३१ | औषधी खरिद | सान्त्वना मेडिसिन सप्लायर्स | ९९९९०६ |
| २९।०८०।८।१४ | औषधी खरिद | कुञ्जन मेडिको कन्सर्न | ६६०३४० |
| १५।०८१।३।२३ (स्वास्थ्य चालु) | औषधी खरिद | सुवर्ण ट्रेड कन्सर्न | ७४९४२७ |

४७ **कन्टिन्जेन्सी खर्च :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष पालिकाले मर्मत र इन्धनमा रु.१२ लाख, कार्यालय संचालन र अनुगमनमा रु. ८ लाख र अन्य कार्यमा रु. ६ लाख ५० हजार समेत रु. २६ लाख ५० हजार सार्वजनिक निर्माण शिर्षकबाट कन्टिन्जेन्सी खर्च गरेको पाइयो जुन कूल पूँजिगत खर्च रु.१० करोड ५८ लाख ५६ हजार (कृषि र पशु कार्यक्रममा खर्च भएको रु. १ करोड १४ लाख ९९ हजार बाहेक) को २.५ प्रतिशत हुन आउँछ। महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै सवारी साधन मर्मतमा रु. ६५००००।, इन्धनमा रु. ५५००००।, अनुगमनमा रु. ८०००००। र अन्य खर्चमा रु. ६५००००। समेत रु.२६ लाख ५० हजारसमेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। साथै चालु खर्च शिर्षकबाट समेत सवारी साधन मर्मतमा रु. २५०५१०८।, इन्धनमा रु. १८४२४२२।, अनुगमनमा रु. १०७४०००। खर्च भएको देखिन्छ। कन्टिन्जेन्सी खर्चको अभिलेखाङ्कन आर्थिक संकेत तथा बर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा बर्गीकरण अनुसार हुने गरी आवश्यकताको आधारमा नगरि नहुने कार्यमा मात्र खर्च गरि मितव्ययी र नियन्त्रण गर्नु पर्दछ।

४८ **शितभण्डार संचालन :**

सार्वजनिक स्रोत साधन खर्च गरी निर्मित संरचना उपयोगमा ल्याउनु पर्दछ। त्रिवेणी गाउँपालिका वडा नं ३ मा कृषि विकास कार्यालय, रुकुम (पश्चिम) र त्रिवेणी गाउँपालिकाबाट शितभण्डार निर्माण कार्यको लागि देहाय बमोजिम श्री सुकिदह श्रम सहकारी संस्थालाई रु.२२०८८३४०। अनुदान भुक्तानी दिएकोमा आर्थिक वर्ष ०७८।७९ मा निर्माण कार्य सम्पन्न भएकोमा शित भण्डार संचालनमा ल्याएको पाइएन। साथै व्यक्तिको नाममा रहेको पाँच रोपनी जग्गा भाडामा लिई सहकारी संस्थाले उक्त शितभण्डार निर्माण गरेको हुँदा उक्त जग्गा गाउँपालिकाको नाममा ल्याउनको लागि खरिद प्रकृया अघि बढाउन कार्यपालिकाबाट २०८०।११।१८ मा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरेकोमा हालसम्म जग्गाको स्वामित्व परिवर्तन भएको पाइएन। कृषि विकास कार्यालय रुकुम(पश्चिम), त्रिवेणी गाउँपालिका रुकुम(पश्चिम) र सुकिदह श्रम सहकारी संस्थाको लागत साझेदारीमा शितभण्डार निर्माण भएको तर सहकारी संस्थाको आय स्रोत तथा पूँजि लगानी नहुँदा बजेट अभाव भएको कारण विद्युतको मिटर जडान नभएको हुँदा समयमा नै संचालनमा ल्याउन नसकेको स्थलगत निरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ। निर्माण सम्पन्न शितभण्डारको समुचित उपयोगमा ध्यान पुर्‍याउन नसक्दा सेवाग्राहीहरु सेवा लिनवाट वञ्चित भएको अवस्था रहेको छ । पालिकाले सम्बद्ध पक्षसँग आवश्यक समन्वय गरी शितभण्डार संचालनमा ल्याउनु पर्दछ।

| भौ नं र मिति | पालिकाबाट भुक्तानी भएको रकम | भुक्तानी भएको आ व | कृषि विकास कार्यालय रुकुम पश्चिमबाट भुक्तानी भएको रकम |
|---|---|---|---|
| - | - | आ व ०७६।७७ | ७४७९४०३.०० |
| - | - | आ व ०७७।७८ | ५५०६०००.०० |
| १५।०७८।९।१६ (प्रदेश पुँजिगत) ५३।०७९।३।२६ (गापा पुजिगत) | ३००००००.०० १४२२९३७.०० | आ व ०७८।७९ | २९१००००.०० |
| - | - | आ व ७९।८० | १७७००००.०० |
| **जम्मा** | **४४२२९३७.००** | **जम्मा** | १७६६५४०३.०० |



शित भण्डारको फोटो

४९ **मुरु स्वास्थ्य चौकी वर्थिङ्ग सेन्टर भवन निर्माण :**

मुरु स्वास्थ्य चौकी वर्थिङ्ग सेन्टर भवन निर्माण कार्य गर्न मुरु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (६०९८६०७७९) सँग मिति २०८०।२।२५ मा रु. ३८,५८,०९६।५५ (मू. अ. कर समेत) मा मिति २०८१।१।३० भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा गाउँ कार्यपालिकाको मिति २०८१।१।१४ को निर्णयअनुसार प्रथम पटक २०८१।३।२० सम्म म्याद थप भएको छ । सम्झौता अनुसार अन्तिम बिलसम्म रु. ३७,४२,६०२।३४ मूल्य अभिवृद्धि करसमेत भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :

**कार्यसम्पादन जमानतको म्याद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले म्याद थप गर्नु अगाडि कार्यसम्पादन जमानतको अवधि पनि थप गराउनु पर्नेमा सो को म्याद थप गराएको देखिएन । मुरु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (६०९८६०७७९) सँग मुरु स्वास्थ्य चौकी वर्थिङ्ग सेन्टर भवन निर्माण कार्यको रु. ६,७८,४५६।०० को नबिल बैंक लिमिटेडको कार्य सम्पादन जमानतको अन्तिम मिति २०८१।८।२ सम्म रहेको पाइयो । उक्त भवन निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको म्याद २०८२।३।२० सम्म भएकोले त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधि २०८२।४।२० सम्मको हुनुपर्नेमा सो भन्दा घटी अवधि २०८१।८।२ सम्मको पेश गरेको देखियो । त्रुटी सच्चाउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत म्याद थप गर्नुपर्दछ ।

५० **प्रशासकिय भवन निर्माण :**

गाउँपालिका प्रशासकिय भवन निर्माण कार्य गर्न समानान्तर रेलिगेर जे. भी. (६१८२७४१६५) सँग मिति २०७८।१२।३० मा रु. ६,८६,४८,१५४।११ (मू. अ. कर बाहेक) मा मिति २०८१।१।२५ भित्रमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा गाउँ कार्यपालिकाको मिति २०८१।१।२५ को निर्णयअनुसार प्रथम पटक ६ महिना म्याद थप भएको छ । साथै गाउँपालिकाको मिति २०८०।५।२४ को निर्णयले थप भेरियसन रु. ६३,९३,५९८।९८ (शुरु सम्झौता रकममा ९.३१ प्रतिशत थप) स्विकृत गरी संशोधित सम्झौता अंक रु. ७५०४१७५३।०९ कायम गरेको छ । सम्झौता अनुसार यस वर्षसम्म सातौं रनिङ्ग बिलसम्म रु. ६,३१,०२,९५५।३६ मूल्य अभिवृद्धि कर र मूल्य समायोजनसमेत भुक्तानी गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

५०.१ **कार्यतालिका पेश नभएको -** समानान्तर रेलिगेर जे. भी. (६१८२७४१६५) सँग २०८१।१।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा तोकिएको समयमा कार्य सम्पन्न नभएकोले प्रथम पटक ६ महिना म्याद थप भएको छ । म्याद थप हुँदा कार्यालयले निर्माण

व्यवसायीसंग काम सम्पन्न गर्ने कार्य तालिका लिनुपर्नेमा निर्माण व्यवसायीले कार्य तालिका पेश गरेको देखिएन । कार्यालयले कार्यतालिका पेश गर्न लगाइ कार्य तालिकामा तोकिए बमोजिम निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्नका लागि प्रभावकारी अनुगमनमा जोड दिनुपर्दछ ।

५०.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने र निवेदन प्राप्त भए पछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएमा म्याद थप सम्बन्धी निर्णय सम्झौता अवधिभित्रै गरिसक्नु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले समयमा बजेट निकासा प्राप्त नभएको, मनसुनले गर्दा निर्माण सामाग्री ढुवानी गर्न नसकेकोले म्याद थपको लागि २०८०।१२।८ मा निवेदन दर्ता गराएको छ । निर्माण व्यवसायीसँग २०८१ वैशाख २५ मा कार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा तोकिए बमोजिम काम सम्पन्न हुन नसकेकोले गाउँ कार्यपालिकाको २०८१।१।२५ को बैठकबाट ६ महिना म्याद थप गरिएको छ । यसवर्षसम्म (सातौ रनिङ्ग बिलसम्मको भुक्तानी) ७४.४२ प्रतिशत वित्तीय प्रगति भएकोमा पालिकाले भौतिक प्रगति विवरण तयार गरेको पाइएन। कार्यालयले समयमै बजेटको व्यवस्था गरी काम सम्पन्न गराउनु पर्दछ ।

५१ **बहाल कर कट्टी नगरेको :**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय (भौ नं १।२०८०।८।२६), आय कर ऐन, २०५८ को दफा ९० बमोजिम महिना समाप्त भएको २५ दिन भित्र अग्रिम कर दाखिला गर्नुपर्ने व्यवस्था छ। भुकम्पमा उद्धार राहत तथा पुनस्थापना कार्यक्रममा सवारी साधन वहाल लिएवापत विभिन्न ब्यक्तिलाई रु.४९००००।०० भुक्तानिमा कट्टि गरेको १० प्रतिशत वहाल कर संघीय राजश्व खातामा जम्मा गर्नुपर्नेमा कार्यालयले गाँउपालिकाको आन्तरिक अनुदान खाता ग१.३ मा जम्मा गरेकाले सो रकम संघीय राजश्व खातामा जम्मा गर्नु पर्ने व्यहोरा आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा समेत औंल्याएकोमा अन्तिम लेखापरीक्षण हुँदा सम्म यथावत रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,००० |

५२ **नन् फाइलर :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ. कर रु.१९७३१५।((७० प्रतिशत)) भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| गो. भा. नं. र मिति | फर्मको नाम | भुक्तानी रकम | मू. अ. कर (७० प्रतिशत) | देखिएको कैफियत |
|---|---|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमतर्फ** | | | |
| ३६।२०८१।२।२८ | सगरमाथा सर्जिकल एण्ड केमिकल हाउस (६०८९७२७३६) | ९७४९९८।०० | ७८५१८। | विजक नं. १७।२०८१।२।४, मिति २०८० दोश्रो त्रैमासिक देखि नन्फाइलर रहेको छ । |
| ५०।२०८१।३।१४ | आस्क एग्रिकल्चर प्रा. लि. (६१०४६९०८२) | ९७५००।०० | ७८५२। | विजक नं. २३९।२०८१।३।१०, मिति २०८० दोश्रो त्रैमासिक देखि नन्फाइलर रहेको छ । |
| | **गाउँपालिका पूँजीगततर्फ** | | | |
| २२।२०८०।१०।७ | बि. एण्ड बि. महर ग्रुप निर्माण सेवा प्रा. लि. (६०९७५१९२७) | १५३५८४।०० | १२३६८। | विजक नं. ६।२०८०।९।२५, मिति २०८० तेश्रो त्रैमासिक देखि नन्फाइलर रहेको छ । |
| १५।२०८०।९।२० | बि. एण्ड बि. महर ग्रुप निर्माण सेवा प्रा. लि. (६०९७५१९२७) | ५३५५९५।०० | ४३१३२। | विजक नं. ३।२०८०।८।२६, मिति २०८० तेश्रो त्रैमासिक देखि नन्फाइलर रहेको छ । |
| १४।२०८०।९।२० | शिवधाम बाहुन डेरा निर्माण सेवा प्रा. लि. (६१०३६४७४३) | ५५११४४।०० | ४४३८४। | विजक नं. १।२०८०।७।२९, मिति २०८० दोश्रो त्रैमासिक देखि नन्फाइलर रहेको छ । |
| ५३।२०८१।३।२२ | झकाश हार्डवेयर (६०५७४२२५३) | १३७३५२।०० | ११०६१। | विजक नं. ०४।२०८१।३।१०, मिति २०७७ असार महिना देखि नन्फाइलर रहेको छ । |
| | | जम्मा | १९७३१५। | |

| प्रमाण पेश नगरेको | १,९७,३१५ |
|---|---|

५३ **वीमा :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा बीस लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ ।त्यस्तै नियम ११२(१)(घ) मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्मको अवधिसम्म वीमा गराउनुपर्ने व्यवस्था छ । ठेक्का सम्झौतामा वीमा गर्ने व्यवस्था गरेकोमा वीमा गरेको देखिएन । निर्माण कार्यको वीमा नहुँदा निर्माण अवधिमा हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ। नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी अनिवार्य वीमा गराउनु पर्दछ।

| गो. भा. नं. र मिति | निर्माण व्यवसायीको नाम | कामको विवरण | सम्झौता रकम | विमा व्यवस्थाको रकम |
|---|---|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमतर्फ** | | | |
| ६०।२०८१।३।२२ | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | साजारुख आवि भुम्के बरनेटी टोट्के सडक निर्माण | ७६,८७,६२१।०० | १,००,०००।०० |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमतर्फ** | | | |
| १२।२०८०।१२।१३ | राप्ती निर्माण सेवा | लामाखेत जिवाङ्ग लामामेला रोल्पा सडक निर्माण | ७४,५३,६७२।०० | १,००,०००।०० |
| ६२।२०८१।३।२२ | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | पैरेटा मुरु लाछिकोट कुरुल पितिवाङ्ग सडक निर्माण | ७३,४५,१४९।०० | १,००,०००।०० |
| ६१।२०८१।३।२२ | हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स | खारा लिवाङ्ग काउलेचौर सडक निर्माण | ४७,७७,५७५।०० | ५०,०००।०० |
| | **जम्मा** | | | **३,५०,०००।००** |

५४ **पूर्वनिर्धारित क्षतिपूर्ति :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । गो. भा. नं. ६१।२०८१।३।२२ बाट हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०४८२१४६३) संग खारा लिवाङ्ग काउलेचौर सडक निर्माण कार्य गर्न रु. ४७,७७,५७५।१३ को सम्झौता २०८०।९।२० मा भइ २०८१।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । उक्त फर्मसँग भएको सम्झौताअनुसार २०८१।३।१५ मा कार्यसम्पन्न गरिसक्नुपर्नेमा निज फर्मले मिति २०८१।३।२१ मा मात्र कार्य सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिन्छ । उक्त कार्य मिति २०८१।३।१५ भित्र कार्यसम्पन्न गरि सक्नुपर्नेमा २०८१।३।२१ मा मात्र कार्यसम्पन्न भएको र म्याद थपसमेत भएको नदेखिएकोले तोकिएको समयमा कार्यसम्पन्न नभएकोले ढिला अवधि ६ दिनको सम्झौता रकम रु. ४७,७७,५७५।१३ को ०.०५ प्रतिशतले हुने रु. १४,३३३।०० पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,३३३ |

५५ **पि एस आइटमको कर विजक पेश नगरेको :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९( ५) अनुसार खर्च भएको रकमको विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो. भा. नं. १२।२०८०।१२।१३ बाट राप्ती निर्माण सेवा(३०१०१०८२५) लाई लामाखेत जिवाङ्ग लामामेला रोल्पा सडक निर्माण कार्य बापतको रकम भुक्तानी गर्दा सूचना पाटी वापतको रकम रु. १०,०००।०० भुक्तानी दिएकोमा सो को कर विजक पेश नगरेकोले भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

५६ **गुणस्तर परीक्षण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्वन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने र नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनु पर्ने व्यवस्था

छ । पालिकाले देहाय बमोजिमको खरिद कार्यमा स्पेसिफिकेशन अनुसार सामान प्राप्त भए नभएको परीक्षण गरी प्रतिवेदन तयार गरेको पाईएन ।

| गो. भा. नं. र मिति | फर्मको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|
| ४७।२०८१।३।१४ | बि. जि. ट्रेड सेन्टर | मल्टीक्रप थ्रेसर | ९७५०००।०० |
| ४८।२०८१।३।१४ | बि. जि. ट्रेड सेन्टर | मिनिटिलर | ९८००००।०० |
| २४।२०८१।१।२० | बि. जि. ट्रेड सेन्टर | मिनिटिलर | ९८००००।०० |
| ४०।२०८१।२।३१ | एल टेक पावर जियो सिष्टम एण्ड आइटी सप्लायर्स | युपिएस र ब्याट्री | ९९८९९७। |

५७ **पूर्वनिर्धारित क्षतिपूर्ति :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । गो. भा. नं. ६०।२०८१।३।२२ बाट हरिसिद्धि कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०४८२१४६३) संग साजारुख आवि भुम्के बरनेटी टोट्के सडक निर्माण कार्य २०८१।३।१५ भित्र सम्पन्न गर्न रु. ७६,८७,६२०।९५ को सम्झौता २०८०।९।२० मा भएको देखिन्छ। उक्त फर्मसँग भएको सम्झौताअनुसार २०८१।३।१५ मा कार्यसम्पन्न गरिसक्नुपर्नेमा निज फर्मले मिति २०८१।३।२१ मा मात्र कार्य सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिन्छ । उक्त कार्य मिति २०८१।३।१५ भित्र कार्यसम्पन्न गरि सक्नुपर्नेमा २०८१।३।२१ मा मात्र कार्यसम्पन्न भएको र म्याद थपसमेत भएको नदेखिएकोले तोकिएको समयमा कार्यसम्पन्न नभएकोले ढिला अवधि ६ दिनको सम्झौता रकम रु. ७६,८७,६२०।९५ को ०.०५ प्रतिशतले हुने रु. २३,०६३।०० पूर्वनिर्धारित क्षतिपूर्ति रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०६३ |

५८ **अन्य प्रयोजनमा खर्च** (१८०-२०८१-३-१४):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१. मा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका IEMIS मा प्रविष्टी भएको विद्यार्थी संख्याको हाजिर प्रमाणित गरी सोही आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले दिवा खाजा अनुदान दिने व्यवस्था रहेकोमा पालिकाले देहायका विद्यालयहरुलाई दिवा खाजा अनुदान शिर्षकमा प्राप्त रकम दिवा खाजा पकाउने भाडा किन्ने प्रयोजनका लागि विद्यालयहरुलाई अनुदान निकासा दिईएको पाईयो। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख नै नभएको शिर्षकमा अनुदान निकासा दिएकोले विद्यालयबाट भाडा कुडा खरिदको बिल भरपाई, जिन्सी दाखिला प्रतिवेदन दिई निकासा दिने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने देखिएको रु.

| सि.न. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | जनप्रिय मा.वि. , प्युघा | ५०००० |
| २ | दिव्यचक्षु मा.वि. , तालिगाउँ | ५०००० |
| ३ | त्रिवेणी मा.वि, सिम्रुतु | ५०००० |
| ४ | जनचेतना आ.वि. खोरवारे | २०००० |
| ५ | कालिका आ.वि. दानचुङ | २०००० |
| ६ | बालविकास आ.वि. थारेघर | २०००० |
| ७ | चन्द्र सूर्य आ.वि. पुर्नागाउँ | २५००० |
| ८ | बालशिक्षा आ.वि. गैरीनेटा | ५०००० |
| ९ | साधारण मा.वि. मुरुडाडा | ५०००० |
| १० | जनज्योती आ.वि. सल्लेरी डाँडा | २५००० |
| ११ | शारदा नमुना आ.वि. दुरपाटी | २५००० |
| १२ | बालकल्याण मा.वि. टोड्के | ५०००० |
| १३ | हिमालयन जनता आ.वि. नुवाकोट | ५०००० |
| १४ | बालबिकास आ.वि. भानिपोल | २०००० |
| १५ | बालबोध आ.वि. भुम्के | ३५००० |
| १६ | नवज्ञानोदय आ.वि. गोठवाङ | २५००० |
| १७ | बालहित आ.वि. सालघारी | २०००० |
| १८ | दिपज्योती आ.वि माझगाउँ | २०००० |
| १९ | जनहित आ.वि. चौतारा | ३५००० |
| २० | प्रगतिशिल आ.वि. माथिगाउँ | २५००० |
| २१ | शुभ प्रभात आ.वि. | ३५००० |
| २२ | सिस्ने जनता आ.वि. बल्ले | ३५००० |
| २३ | पिपलनाथ आ.वि. विमैचा | ३५००० |
| २४ | नमुना आ.वि. तामाकचरे | ३५००० |
| २५ | अन्धनाशक मा.वि. खुम्चेरी | ५०००० |
| २६ | जनस्थापना आ.वि. लैटा | ३५००० |
| २७ | युवा जागरण मा.वि. जुल्नेटा | ५०००० |
| २८ | भिम कल्याण आ.वि. बनथाकोट | ३५००० |
| २९ | बालबोध आ.वि. भुर्तिबाङ | २५००० |
| ३० | बाल आदर्श आ.वि बाह्रधार्नी | २५००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | जनशक्ति मा.वि. विटाडाँडा | ५०००० |
| ३२ | विद्या विकास मा.वि. जिवाङ | ५०००० |
| ३३ | बालकल्याण आ.वि. लाछिकोट | ३५००० |
| ३४ | बालकल्याण आ.वि. भेडाखर्क | २०००० |
| ३५ | प्रगतिशिल आ.वि. बर्नेटी | २५००० |
| ३६ | जनज्योती आ.वि. दहभागी | ३५००० |
| ३७ | युवा जागरण आ.वि. कुराल | ३५००० |
| ३८ | बालकल्याण आ.वि. ज्यालङा | ३५००० |
| ३९ | बालचेतना आ.वि. कालिमाटी | २५००० |
| ४० | बालकल्याण आ.वि मुरु | २५००० |
| ४१ | प्रारम्भिक बालविकास केन्द्र विमैचा | १०००० |
| ४२ | सरस्वती आ.वि. हर्लेखरा | १०००० |
| ४३ | जनता बालविकास केन्द्र माथिगाउँ | १०००० |
| ४४ | नमुना बालविकास प्रारम्भिक केन्द्र बेथखोला | १०००० |
| ४५ | चेतनशिल बालबिकास केन्द्र, सालघारी | १०००० |
| **जम्मा** | | **१४१००००** |

| | |
|---|---|
| अनियमित भएको | १४,१०,००० |

५९ **स्थानीय पाठ्यक्रम** (२७६-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्दा भुक्तानी दिन रित पुगे वा नपुगेको चेकजाँच गरेर भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले IEMIS प्रविष्ट विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तक छपाई सोही अनुसार वितरण गर्नुपर्नेमा देहाय अनुसार वढी पाठ्यपुस्तक छपाई खर्च लेखेको पाईयो। उक्त वढी छपाई गरेको पाठ्यपुस्तक भण्डारमा मौज्दात रहेको प्रमाण पेश गर्नुपर्ने रु

| कक्षा | IEMIS अनुसार विद्यार्थी संख्या | छपाई गरेको पाठ्यपुस्तक | दर | फरक |
|---|---|---|---|---|
| १. | ४७८ | ५५० | २०० | १४४०० |
| २. | ४६४ | ६०० | २०० | २७२०० |
| ३. | ४७४ | ६०० | २०० | २५२०० |
| **जम्मा** | | | | **६६८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,८०० |

६० **कक्षा ८ को परीक्षा संचालन** (१२७-२०८१-१-२०):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.१३.३०२ मा IEMIS मा प्रविष्ट विद्यार्थी संख्यालाई शिक्षा अधिकृतद्वारा सत्यापन गराई प्रति विद्यार्थी रु. २७५ का दरले खर्च गर्न सक्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको IEMIS विवरण अनुसार कक्षा ८ को विद्यार्थी संख्या ६२४ रहेकोले प्रति विद्यार्थी रु.२७५ का दरले रु. १७१६००।०० सम्म खर्च गर्न सक्नेमा

पालिकाले परिक्षा संचालनमा रु.५७१५००।०० खर्च गरेकोले रु. ३९९९००। वढी खर्च गरेको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित दरभन्दा बढी खर्च लेखिएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,९९,९०० |

६१ **शिर्षक फरक पारी खर्च**

पालिकाले खर्च गर्दा स्वीकृत कार्यक्रम बमोजिम गर्नुपर्दछ। पालिकाले देहायअनुसार विभिन्न ७ विद्यालयका ११ शिक्षकलाई कार्यक्रम फरक पारी रु.३६२५५०। तलब भत्ता निकासा दिएको हुँदा उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| **भौ. न.** | **खर्चको व्यहोरा** | **खर्च गर्नुपर्ने कार्यक्रम** | **खर्च गरेको कार्क्रम** | **खर्च रकम** |
|---|---|---|---|---|
| १७८ | अंग्रेजी, गणित तथा विज्ञान विषयका शिक्षकहरुलाई तलव भत्ता | कोभिड १९ वाट पुगेको शैक्षिक क्षतिको परीपुरण | शिक्षण सिकाई अनुदान | ३६२५५० |

| | |
|---|---|
| अनियमित भएको | ३,६२,५५० |

६२ **सट्टा शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले गाउँपालिका स्थित दिव्यज्योती मा.वि का स्थायी दरवन्दीका शिक्षक नरेन्द्र दहाललाई त्रिवेणी गाउँपालिकामा कामकाज गर्ने गरी खटाई निजको सट्टामा दिव्यज्योती मा.वि मा सट्टा शिक्षकको रुपमा शान्ता वि.क.लाई नियुक्ति गरी पालिकावाट मासिक रु.२८२००।०० का दरले चाडपर्व खर्च समेत १३ महिनाको रु.३६६६००।०० खर्च लेखेको छ। यसरी पालिकावाट तलव सुविधा लिने, तोकिए वमोजिमको योग्यता र छनौट प्रक्रियावाट नियुक्त छुट्टै निकायको दरवन्दीमा कार्यरत व्यक्तिलाई पालिकामा कामकाज गर्न खटाई निजको सट्टा फरक व्यक्तिलाई नियुक्ति गरी तलव भत्ता वापत खर्च लेखिएको रकम नियमसम्मत नदेखिनुका साथै विद्यालय शिक्षकका रुपमा नियुक्त भएका शिक्षकलाई विद्यालयको पठक पाठनमा बाहेक अन्यत्र कामकाजमा लगाउने परिपाटीमा सुधार हुनुपर्दछ रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६६,६०० |

६३ **ग्रेड रकम वढी भुक्तानी** (८-२०८०-६-२३):

पालिकाले पारित तलवी प्रतिवेदन अनुसार हिमालय जनता मा.वि.का शिक्षक नरसिंग ओलीलाई ७ ग्रेड भुक्तानी गर्नुपर्नेमा ८ ग्रेड भुक्तानी भएको हुँदा १ ग्रेड बढी भुक्तानी भएकोले मासिक रु.११५८ दरले १२ महिनाको रु.१३८९६। र सञ्चयकोष थप र चाडपर्व खर्च सहित रु.१३९० सहित रु.१६४४४।०० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,४४४ |

६४ **छात्रवृति** ( ९८।२०८०।१२।१३-२०८०-१२-१३):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप न.७.२.१.१ मा कक्षा १ देखि ८ सम्मको छात्राहरु र दलित छात्रको **IEMIS** मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा प्रति विद्यार्थी रु. ४०० का दरले छात्रवृति अनुदान निकासा दिने व्यवस्था रहेकोमा पालिकाले तल उल्लिखित विद्यालयका **IEMIS** मा प्रविष्ट विद्यार्थी संख्या भन्दा वढी विद्यार्थीलाई अनुदान निकासा दिएको पाईयो। उक्त वढी निकासा दिएको रकम असूल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु

| सि.न. | विद्यालयको नाम | **IEMIS** अनुसार विद्यार्थी संख्या | भुक्तानी भएको विद्यार्थी संख्या | वढी भुक्तानी |
|---|---|---|---|---|
| १ | युवा जनजागरण मा.वि. | १२६ | १४५ | ७६०० |
| २ | विद्या विकास मा.वि. | १७३ | २११ | १५२०० |
| ३ | अन्धनाशक मा.वि. | ७५ | १०१ | १०४०० |
| ४ | बालकल्याण आ.वि. | ३० | ३२ | ८०० |
| ५ | नमुना आ.वि. तमाकछरे | १३७ | १४८ | ४४०० |
| ६ | जनस्थापना आ.वि. | ५१ | ५९ | ३२०० |
| ७ | चन्द्र सुर्य आ.वि. | ३२ | ४० | ३२०० |
| ८ | बालचेतना आ.वि. | २४ | ३४ | ४००० |
| ९ | बालबोध आ.वि. | १२ | २९ | ६८०० |
| १० | बाल कल्याण आ.वि. | ८५ | ८६ | ४०० |
| ११ | जनज्योती आ.वि. | ६९ | ८८ | ७६०० |
| १२ | भिम कल्याण आ.वि. | ५९ | ६१ | ८०० |
| १३ | बालआदर्श आ.वि. | ८ | ९ | ४०० |
| १४ | साधारण मा.वि. | ९४ | १२५ | १२४०० |
| १५ | जनचेतना आ.वि. | ४१ | ६१ | ८००० |
| १६ | शारदा आ.वि. | ४३ | ५७ | ५६०० |
| १७ | हिमालय जनता मा.वि. | १५९ | १८३ | ९६०० |
| १८ | जनप्रिय मा.वि. | १०० | १२७ | १०८०० |
| १९ | जनहित आ.वि. | १३७ | १७० | १३२०० |
| २० | बालकल्याण मा.वि. | ७९ | ८४ | २००० |
| २१ | बालबोध आ.वि. भुम्के | ५८ | ६१ | १२०० |
| २२ | बालहित आ.वि.सालघारी | ३६ | ३८ | ८०० |
| २३ | दिपज्योती आ.वि. | २२ | २७ | २००० |
| २४ | शुभप्रभात आ.वि. | ५१ | ५९ | ३२०० |
| २५ | नवज्ञानोदय आ.वि. | १५ | १७ | ८०० |
| २६ | प्रगतिशिल आ.वि. बरानेटी | ४३ | ४५ | ८०० |
| २७ | प्रगतिशिल आ.वि. माथिगाउँ | ९८ | १२९ | १२४०० |
| २८ | त्रिवेणी मा.वि. | १४१ | १५५ | ५६०० |
| २९ | दिव्यचक्षु मा.वि. | १२७ | १५१ | ९६०० |
| ३० | पिपलनाथ आ.वि. | ८३ | ८८ | २००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | बालशिक्षा मा.वि. | ७१ | ७३ | ८०० |
| ३२ | जनज्योती आ.वि. दहभागे | २२ | २६ | १६०० |
| ३३ | बालबिकास आ.वि. | १५ | १९ | १६०० |
| | जम्मा | | | १६८८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६८,८०० |

### ६५ विद्यालय सुधार योजना

स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारका दरले विद्यालय सुधार योजना सञ्चालन कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना सहयोगि पुस्तिका,२०७५ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गरेको विद्यालय हरुलाई मात्र उपलब्ध गराउने व्यवस्था कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ को क्रियाकलाप न २.७.१३.१० मा उल्लेख छ। यस वर्ष पालिकाले तपसिलका ४० विद्यालयलाई विद्यालय सुधार योजना कार्यका लागि रु ६५५०००| अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण पालिकामा पेश गरेको छैन। विद्यालयहरुले यस क्रियाकलाप अन्तर्गत अनुदान प्राप्त गर्नु पर्व सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने र सो नगरेको विद्यालयलाई अनुदान निकासा दिन मिल्ने देखिदैन । यस प्रकारको अनुदान प्राप्त गरेको विद्यालयबाट विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने रु

| सि न | विद्यालयको नाम र ठेगाना | वि सु यो अनुदान रकम |
|---|---|---|
| १ | जनप्रिय मा.वि. | २०००० |
| २ | दिव्यचक्षु मा.वि. | २०००० |
| ३ | त्रिवेणी मा.वि. | २०००० |
| ४ | जनचेतना आ.वि. | १५००० |
| ५ | कालिका आ.वि. | १५००० |
| ६ | बालबिकास आ.वि. | १५००० |
| ७ | चन्द्रसुर्य आ.वि. | १५००० |
| ८ | बालशिक्षा मा.वि. | २०००० |
| ९ | साधारण मा.वि. | २०००० |
| १० | जनज्योती आ.वि. | १५००० |
| ११ | शारदा नमुना आ.वि. | १५००० |
| १२ | बालकल्याण मा.वि. | २०००० |
| १३ | हिमालयन जनता मा.वि. | २०००० |
| १४ | बालविकास आ.वि. | १५००० |
| १५ | बालबोध आ.वि. | १५००० |
| १६ | नवज्ञानोदय आ.वि. | १५००० |
| १७ | बालहित आ.वि. | १५००० |
| १८ | दिपज्योती आ.वि. | १५००० |
| १९ | जनहित आ.वि. | १५००० |
| २० | प्रगतिशिल आ.वि. | १५००० |
| २१ | शुभ प्रभात आ.वि. | १५००० |
| २२ | सिस्ने जनता आ.वि. | १५००० |
| २३ | पिपलनाथ आ.वि. | १५००० |
| २४ | नमुना आ.वि. | १५००० |
| २५ | अन्धनाशक मा.वि. | २०००० |
| २६ | जनस्थापना आ.वि. | १५००० |
| २७ | युवा जागरण मा.वि. | २०००० |
| २८ | भिम कल्याण आ.वि. | १५००० |
| २९ | बालबोध आ.वि. | १५००० |
| ३० | बाल आदर्श आ.वि. | १५००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | जनशक्ति मा.वि. | २०००० |
| ३२ | विद्या विकास मा.वि. | २०००० |
| ३३ | बालकल्याण आ.वि. | १५००० |
| ३४ | बालकल्याण आ.वि. | १५००० |
| ३५ | प्रगतिशिल आ.वि. | १५००० |
| ३६ | जनज्योती आ.वि. | १५००० |
| ३७ | युवा जागरण आ.वि. | १५००० |
| ३८ | बालकल्याण आ.वि. | १५००० |
| ३९ | बालचेतना आ.वि. | १५००० |
| ४० | बालकल्याण आ.वि | १५००० |
| **जम्मा** | | **६५५०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५५,००० |

## ६६ बाल बिकास अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ क्रियाकलाप नं.२.७.१३.१०को ५.१ मा आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यालय सुधार योजना, विद्यालय संचालन तथा व्यवस्थापन ईन्टरनेट जडान लागि एकमुष्ठ अनुदान दिने व्यवस्था छ। उक्त कार्यक्रम कार्यान्वयन पुस्तिकाले बाल विकास केन्द्रलाई माथी उल्लिखित शिर्षकमा अनुदान दिने व्यवस्था उल्लेख गरेको छैन । पालिका स्थित ५ बालविकास केन्द्रलाई माथि उल्लिखित अनुदान निकासा भएकोले उक्त निकासा भएको रकम असूल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | सामाजिक लेखापरीक्षण | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | विद्यालय सुधार योजना | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | १५००० | १५००० | १०००० | ४०००० |
| सरस्वती आ.वि. बा.बि.के. | १५००० | १५००० | १०००० | ४०००० |
| जनता बालविकास केन्द्र | १५००० | १५००० | १०००० | ४०००० |
| नमुना प्रारम्भिक बालबिकास केन्द्र | १५००० | १५००० | १०००० | ४०००० |
| चेतनशिल बा.वि.के | १५००० | १५००० | १०००० | ४०००० |
| **जम्मा** | **७५०००** | **७५०००** | **५००००** | **२०००००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

## ६७ शिक्षक दरवन्दी तथा पदपूर्ती

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाले दरबन्दी मिलान गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| **सि.नं.** | **विद्यालयको नाम** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १. | विभिन्न ४५ विद्यालय | १२६ | २५२ | १२६ | ६७७१ | १:२७ |

६८ **समानीकरण अनुदान र राजश्व बाँडफाटबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार ४५ विद्यालयलाई निम्नानुसार स्वीकृत दरबन्दीभित्र नपरेका कार्यरत शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रु. २९७२५९३४। र संघीय राजश्व बाँडफाटबाट रु. १२६५०७५०। समेत रु. ४२३७६६८४। तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक दरवन्दी सम्वन्धमा संगठन व्यवस्थापन तथा सर्भेक्षण गरी स्वीकृत भए अनुसार खर्च भुक्तानी हुनु पर्नेमा विकास निर्माणको लागि विनियोजन भएको वित्तीय समानिकरणको अनुदान र राजश्व बाँडफाटवाट तलव खर्च लेख्नु मनासिब देखिएन ।

| गो भौ नं र मिति | विद्यालय संख्या | शिक्षक र कर्मचारी संख्या | खर्च रकम | स्रोत |
|---|---|---|---|---|
| २३।२०८०।०६।२३ | ४५ | १२३ | १०१२४८५० | समानीकरण अनुदान |
| २५।२०८०।०९।२४ | ४५ | ९७ | २४९६००० | समानीकरण अनुदान |
| १०४।२०८०।०९।२० | ४५ | ११९ | ७६६५६०० | समानीकरण अनुदान |
| १०५।२०८०।०९।२० | ४५ | ९७ | १८७२००० | समानीकरण अनुदान |
| १७०।२०८०।१२।१२ | ४५ | ९७ | १८७२००० | राजश्व बाँडफाँड |
| १७१।२०८०।१२।१२ | ४५ | १२२ | ७५६७५१९ | समानीकरण/राजश्व बाँडफाँड |
| २३२।२०८१।०३।०४ | ४५ | १२६ | ८९१५११५ | राजश्व बाँडफाँड |
| २३२।२०८१।०३।०४ | ४५ | ९७ | १८६३६०० | राजश्व बाँडफाँड |

६९ **दोहोरो खर्च**

एउटै प्रयोजनको लागि दोहोरो पर्ने गरी खर्च गर्नु हुदैन। पालिकाले गो.भौ.न. २।०८०।८।७ विविध शिर्षकवाट नेपाल दुरसञ्चार प्राधिकरणवाट सोधभर्ना हुने गरी ब्रोडब्यान्ड इन्टरनेट जडान तथा संचालन गर्नका लागि सुविसु केवल नेट लिमिटेड रुकुम पश्चिमसँग सम्झौता गरी देहायका ३५ विद्यालयहरुको प्रति विद्यालय रु.३६००० का दरले २ वर्षका लागि ईन्टरनेट जडान र संचालन खर्च भुक्तानी गरेको छ। पालिकाले पुन: गो.भौ.न.९२।२०८०।१२।१२ मा ३५ विद्यालयहरुलाई ईन्टरनेट जडान तथा संचालन खर्च प्रति विद्यालय वार्षिक रु १२०००। का दरले रु ४२००००। दोहोरो निकासा दिएको छ। पालिकाले दोहोरो परेको रकम सम्बन्धित विद्यालयवाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री कालिका आ.वि. दाङ्चुङ | १२००० |
| २ | श्री सिस्ने जनता आ.वि.बल्ले | १२००० |
| ३ | श्री जनज्योति आ.वि. त्रिवेणी दहभागे | १२००० |
| ४ | श्री बालकल्याण आ.वि. भेडाखर्क | १२००० |
| ५ | श्री पिपलनाथ आ.वि. विमैचा | १२००० |
| ६ | श्री वालशिक्षा आ.वि.गैरीनेटा | १२००० |
| ७ | श्री युवा जनजागरण आ.वि.कुरलखारा | १२००० |
| ८ | श्री चन्द्रसूर्य आ.वि. पूर्णागाउँ | १२००० |
| ९ | श्री सरस्वती आ.वी. हरलेखारा | १२००० |
| १० | श्री वालकल्याण आ.वि. ज्यालङ्गा | १२००० |
| ११ | श्री बालविकास आ.वि. गाथारेघर | १२००० |
| १२ | श्री बालचेतना आ.वि. कालिमाटी | १२००० |
| १३ | श्री नमुना आ.वि.तमाकछरे | १२००० |
| १४ | श्री जनस्थापना आ.वि. लाइत | १२००० |
| १५ | श्री जनज्योति आ.वि. सल्लेरीडाँडा | १२००० |
| १६ | श्री भीमकल्याण आ.वि. बाँठाकोट | १२००० |
| १७ | श्री जनचेतना आ.वि. खोरवारे | १२००० |
| १८ | श्री शारदा नमुना आ.वि. दुरपतिडाँडा | १२००० |
| १९ | श्री बालकल्याण आ.वि. लाछिकोट | १२००० |
| २० | श्री बालकल्याण आ.वि. कुरल | १२००० |
| २१ | श्री बाल आर्दश आ.वि. बारधार्नि | १२००० |
| २२ | श्री बालवोधआ.वि. भूर्तिवाङ | १२००० |
| २३ | श्री शुभप्रभात आ.वि. त्रिवेणी पेउघाडाँडा | १२००० |
| २४ | श्री प्रगतिशील आ.वि. माथिगाउँ पेउघा | १२००० |
| २५ | श्री नव ज्ञानद्धय आ.वि. गोठवाङ | १२००० |
| २६ | श्री जनहित आ.वि. चौतारा | १२००० |
| २७ | श्री वालहित आ.वि. सालघारी | १२००० |
| २८ | श्री दिपज्योति आ.वि. माझगाउँ | १२००० |
| २९ | श्री बालवोध आ.वि. भूम्के | १२००० |
| ३० | श्री बालविकास आ.वि. भानीपोले | १२००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | श्री प्रगतिशील आ.वि. वरनेटी | १२००० |
| ३२ | श्री जनता बालविकास केन्द्र रुँघा | १२००० |
| ३३ | श्री बालविकास केन्द्र विमैचा | १२००० |
| ३४ | श्री प्रारम्भिक बालविकास केन्द्र बेतखोला | १२००० |
| ३५ | श्री चेतनशिल बालविकास केन्द्र सालघारी | १२००० |
| | जम्मा | ४२०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२०,००० |

७० **सहायक प्र.अ.भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२७** को निर्णयले रू **३६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७१ **वार्षिक परीक्षा संचालन** (१२७।२०८१।१।२०-):

पालिकाले परिक्षा संचालनको लागि खर्चको मापदण्ड एवं कार्यविधि बनाई सोको आधारमा खर्च गर्नुपर्दछ। पालिका स्थित विद्यालयहरुको वार्षिक परीक्षा संचालन गर्दा कुल खर्च रु.१३४६४५४ लेखेकोमा मार्कसिट, सर्टिफिकेट, कपी, पेपर, थप कपी ग्रेड वृद्धी लगायतका छपाईमा रु. ७८५००६, प्रश्नपत्र निर्माणमा प्रति विद्यालय रु. १०००, प्रुफ रिडिङ प्रति दिन प्रति व्यक्ति रु.१०००, ग्रेड वृद्धिका लागि प्रश्नपत्र निर्माण प्रतिव्यक्ति रु. २०००, कोडिङ डिकोडिङ प्रति दिन रु.१००० लगायतका भत्ता, ढुवानी, खानाखाजा जस्ता प्रकृतिका खर्चहरुमा ५६१४४८ समेत रु.१३४६४५४।०० कुनै कानुनी आधार, कार्यविधि वा मापदण्ड वेगर कार्यपालिकाको निर्णय वमोजिम भुक्तानी भई खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,४६,४५४ |

७२ **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता**

७२.१ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि सुरेश पुन मगरको रु.९९९३५७।०० को पेश्की फस्यौंट गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन्।

७२.२ वढी खर्च- कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन संघिय सशर्त अनुदान रु. १०००००।०० निकासा दिने व्यवस्था रहेकोमा पालिकाले गो.भौ.न.५३।२०८०।९।२५ वाट राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि संघिय शर्सतवाट रु. २५५०००।०० निकासा दिई खर्च लेखेको पाईयो। तोकिएको सिमा भन्दा वढी खर्च लेखेको उक्त रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५५,००० |

७२.३ (५४।२०८०।९।२५-):

विशेष अनुदानः सोही कार्यक्रममा विशेष अनुदान रु. ७४४३५७।०० निकासा दिई कार्यविधि र मापदण्ड वेगर खर्च लेखेको मध्ये रनिङ शिल्ड खरिदमा रु. १९५००।, कप तथा मेडल खरिद प्रमाणपत्र छपाईमा रु. १५१३९०, खाना खाजा मा रु. २६३७५०, पोषाक,मसलन्दर ढुवानी लगायतका शिर्षकमा रु. ३०९७१७ खर्च लेखेकोमा खाना तथा खाजामा कुल बजेटको २६.३९% खर्च भएको देखिन्छ। पालिकाले कार्यविधि र मापदण्ड वेगर खर्च लेखेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,४४,३५७ |

७३ **शिक्षक तलवी प्रतिवेदन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुँदा नं २(क) मा शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय किताबखाना(शिक्षक) बाट स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई सोही आधारमा तलब निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आफ्नो मातहतको ४५ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई तलब भत्तामा रु. १२५७९४९०१। खर्च गरेकोमा शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, अन्तर पालिका सरुवा, पालिका भित्र सरुवा, लगायतका विवरण अद्यावधिक गरी राखेको देखिएन । कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार पालिकाले शिक्षक सरुवा, बढुवा, आन्तरिक व्यवस्थापन, नियुक्ति लगायतको विवरण अद्यावधिक गरी निकासा भिडान हुने गरी तलवी प्रतिवेदन पारित गरेर तलव भत्ता खर्च लेख्नु पर्दछ ।

७४ **न्यानो झोला** (२६६।२०८१।३।२२-):

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा खर्च लेख्दा खर्चलाई पुष्टयाई गर्ने विल, भरपाई, कागजात तथा प्रमाणका आधारमा खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले कुन्जन मेडिको कन्सर्नलाई न्यानो झोला ३३६ थान खरिद गरेवापत रु.७९० का दरले मू.अ.कर सहित रु. २९९९४७। भुक्तानी दिई खर्च लेखेकोमा उक्त झोला वितरण गरेको भरपाई पेश गरेको छैन। पालिकाले झोला वितरण गरेको भरपाई पेश गर्नुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,९४७ |

७५ **औषधि खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा, ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र आव्हान गरी गर्नु पर्नेछ र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ को लागि आवश्यक ६९ प्रकारका औषधी खरिदका लागि २०८०।५।१२ मा शिलबन्दी दरभाउपत्र आव्हान गरी सिर्जना मेडिसिन सप्लायर्ससँग मिति २०८०।७।१४ मा रू. १०६७३२७।५०(मु अ कर समेत) को खरिद सम्झौता गरेको छ। उक्त सप्लायर्सले विभिन्न मितिमा ६८ प्रकारका औषधी आपूर्ति गरी गो भौ.नं ०९ मिति २०८०।११।१४(गा पा स्वास्थ्य चालु) बाट रू.१०६८७०३। भुक्तानी गरेको छ। पालिकाले निम्न बमोजिम आपूर्तकबाट रु. २४५४६७३। को औषधि सोझै खरिद गर्दाको दर र सिलबन्दी दरभाउपत्रमा उल्लेखित दर भिडान गर्दा रु.४९६४९७। थप व्ययभार परेको देखिन्छ। पालिकाले खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक विधिवाट औषधि खरिद गरी मितव्ययीता कायम गर्नुपर्दछ।

| गो भौ नं १५।२०८१।३।२३ (शुवर्ण ट्रेड कन्सर्न) | | | | | |
|---|---|---|---|---|---|
| **क्र सं** | **औषधीको नाम** | **शिलबन्दी दरभाउ पत्रको दररेट** | **सोझै खरिद दररेट** | **परिमाण** | **बढी रकम** |
| १. | Paracetamol 60 ml (syrup) | १४.९५ | २४ | ५२८ | ४७७८.४० |
| २. | Metro-400 MG(Tab) | ०.९८ | १.८० | २०००० | १६४०० |
| ३. | Amoxycillin 500 MG (Cap) | ३.९१ | ७.४० | २०००० | ६९८०० |
| ४. | Adhesive Tap (Roll) | ११५ | २०० | १०० | ८५०० |
| ५. | Hyoscine 20 Mg (Tab) | २.४८ | १८ | ५००० | ७७६०० |
| गो भौ नं १६३।०८१।२।३१(शसर्त चालु) सान्तवना मेडिसिन सप्लायर्स | | | | | |
| ६. | Amoxycillin 500 MG (Cap) | ३.९१ | ७.४० | २७००० | ९४२३० |
| ७. | Colotrimazole (Tub) | १८.४० | ३० | ५०० | ५८०० |
| ८. | Ranitidine 150 Mg (Tab) | ०.९२ | २.१० | ४०००० | ४७२०० |
| ९. | Metro-400 MG(Tab) | ०.९८ | २ | ५००० | ५१०० |
| १०. | BP set | ६०० | १२८३.१८ | २० | १३६६३.६० |
| गो भौ नं २९।०८०।८।१४ कुञ्जन मेडिको कन्सर्न (शसर्त चालु) | | | | | |
| ११. | Paracetamol 60 ml (syrup) | १४.९५ | २९ | ५०० | ७०२५ |
| १२. | Paracetamol 500 Mg (Tab) | ०.८१ | ०.९५ | ३०००० | ४२०० |
| १३. | Amoxycillin 500 MG (Cap) | ३.९१ | ६.५० | २०००० | ५१८०० |
| १४. | CPM (Tab) | ०.२१ | ०.९५ | ५०००० | ३७००० |
| १५. | Ranitidine 150 Mg (Tab) | ०.९२ | २.२० | १५००० | १९२०० |
| १६. | Ibruprofen 400 Mg (Tab) | ०.९० | २.९० | १०००० | २०००० |
| १७. | Metro-400 MG(Tab) | ०.९८ | २.४० | १०००० | १४२०० |
| **जम्मा** | | | | | **४९६४९७** |

७६ **तलवी प्रतिवेदन पारीत नगरी खर्च लेखेको**

निजामती सेवा ऐन, २०४९ को ७(२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी स्वास्थ्य सेवाका कर्मचारीहरुको तलव भत्ता वर्षभरीमा रु. २८१३६१२७।०० निकासा दिई खर्च लेखेको पाईयो। पालिकाले तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ।

७७ **अनुदान कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८० को बुँदा नं. १३ को कार्यक्रम नं. ३९(४)(ग) मा कृषि यान्त्रीकरण सहयोग कार्यक्रममा कृषक समूह र कृषि सहकारीहरूलाई उत्पादन, प्रशोधन र बजारिकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तैः पावर/मिनि टिलर, विडर, मिनि हार्भेष्टर, रिपर, मिनि प्रेसर, ब्रस कटर, कम्बाइन मिल, स्प्रेयर र सिड

ट्रिटमेन्ट ड्रम लगायतका मेशिन सामग्रीहरू सामुहिक प्रयोजनको लागि ५० प्रतिशत अनुदान दिने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित विशेष अनुदान कार्यक्रमबाट कृषि यान्त्रिकरण खाद्यान्न बालीको बिउँ विजन, फलफुलका बेर्ना, कृषि सामाग्रीहरु, गाइ, भैसी, वाखा, बोका, मिल्क क्यान, पशुसेवामा प्रयोग हुने सामाग्रीहरुमा ८० प्रतिशत अनुदानमा उपलब्ध गराएको छ भने तरकारी मिनिकीट, कीटनाशक विषादि, ढुसिनाशक विषादि, कृषि तथा पशुजन्य सामाग्रीको ढुवानी, पशुजन्य औषधिमा शतप्रतिशत अनुदानमा वितरण गर्ने गरी कार्यपालिकाको मिति २०७८।९।२८ को निर्णय अनुसार राष्ट्रिय योजना आयोगमा कार्यक्रम प्रस्ताव पेश गरि प्राप्त रकमबाट कार्यक्रम सञ्चालन गरेको छ । कार्यालयले यसवर्ष निम्न कार्यक्रममा ८० प्रतिशत अनुदान दिइ सञ्चालन गरेका देहायका कार्यक्रमहरुमा रु. ७२,९२,०७७।०० खर्च लेखेको छ। एकै प्रकारको कार्यक्रम सञ्चालन गर्दा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८० अनुसार एकरुपता कायम हुने गरी ५०/५० प्रतिशत अनुदान तथा कृषक समूहको सहभागिता हुने गरी मितव्ययी तरिकाले कार्यालयले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

| सि. नं. | गो. भा. नं. र मिति | कार्यक्रमको नाम | परिमाण | लाभग्राही संख्या | ८० प्रतिशतले हुने खर्च लेखेको रकम |
|---|---|---|---|---|---|
| १ | ९।२०८०।८।१५ | गहुँ मसुरो केराउको बिउ वितरण | ६९५० केजी | ४५० | ७,०८,०००।०० |
| २ | १८।२०८०।११।१३ | दाँते ओखरको कलमी बिरुवा वितरण | १३०० गोटा | १३० | ७,६४,४००।०० |
| ३ | २४।२०८१।१।२० | मकै (मनकामना ) बिउ वितरण | १५०० केजी | १५० | १,८०,०००।०० |
| ४ | २४।२०८१।१।२० | डिजेल मिनिटिलर ६ एच. पि. को वितरण | १४ वटा | १४ | ७,८४,०००।०० |
| ५ | ३६।२०८१।२।२८ | सिलपाउलिन प्लाष्टिक टनेल वितरण | १५० गोटा | १३० | ७,७९,९९७।०० |
| ६ | ४७।२०८१।३।१४ | मल्टीक्रम थ्रेसर ६ एच. पि. को वितरण | १३ गोटा | १३ | ७,८०,०००।०० |
| ७ | ४८।२०८१।३।१४ | डिजेल मिनिटिलर ६ एच. पि. को वितरण | १४ गोटा | १४ | ७,८४,०००।०० |
| ८ | ५२।२०८१।३।१४ | मौरी घार वितरण | ६० गोटा | ६० | २,११,६८०।०० |
| ९ | ५४।२०८१।३।१७ | बोका १० वटा र बाख्रा ६२ वटा वितरण | ७२ गोटा | ७२ | १५,४०,०००।०० |
| १० | ५५।२०८१।३।२१ | सुन्तला तथा कागतीको बिरुवा वितरण | ३८००० गोटा | ८०० | ७,६०,०००।०० |
| | | **जम्मा** | | | **७२,९२,०७७।००** |

७८ **अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न कृषक समुह, कृषि फर्म, कृषि सहकारी, कृषकहरुलाई देहाय बमोजिम मिनिटिलर, धान गहुँ चुट्ने मेशिन (थ्रेसर) , बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक टनेल, मिल्क क्यान, राँगा, बहर र बोका बाख्रा वितरणमा अनुदान उपलव्ध गराएका केही उदाहरण निम्नानुसार छन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । पालिकाले संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अभिलेखिकरण सहित अनुदानको सदुपयोग भए नभएको सम्वन्धमा प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| ब उ शि नं | विवरण | लाभग्राही संख्या | रकम |
|---|---|---|---|
| संघीय शसर्त कार्यक्रम | ६ हर्ष पावरको मिनि टिलर वितरण (५० प्रतिशत अनुदान) | १० | ३५०००० |
| संघीय विशेष कार्यक्रम | ६ हर्ष पावरको मिनि टिलर वितरण (८० प्रतिशत अनुदान) | २८ | १५६८००० |
| संघीय विशेष कार्यक्रम | ६ हर्ष पावरको थ्रेसर मेसिन वितरण (८० प्रतिशत अनुदान) | १३ | ७८०००० |
| संघीय विशेष कार्यक्रम | प्लाष्टिक टनेल ९० जि एस एम १५० गोटा (८० प्रतिशत अनुदान) | १३१ | ७८०००० |
| संघीय शसर्त कार्यक्रम | राँगा वितरण कार्यक्रम ११ वटा (५० प्रतिशत अनुदान) | ११ | ५५०००० |
| संघीय शसर्त कार्यक्रम | बहर (गोरू) १ वटा (५० प्रतिशत अनुदान) | १ | ५०००० |
| संघीय शसर्त कार्यक्रम | मिल्क क्यान २५ वटा (५० प्रतिशत अनुदान) | २५ | १००००० |
| संघीय विशेष कार्यक्रम | बोका वितरण १० वटा (८० प्रतिशत अनुदान) | १० | ३००००० |
| संघीय विशेष कार्यक्रम | बाख्रा ६२ वटा (८० प्रतिशत अनुदान) | ६२ | १२४०००० |

७९ **कार्यक्रम संशोधन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक केन्द्रीय निकायमा लेखी पठाउन पर्नेछ । त्यसरी लेखी पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकूल हुने गरी पठाउनु पर्ने र लेखा उत्तरदायी अधिकृतले सङ्घीय विनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्यसमेतको आधारमा कार्यक्रम संशोधन गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनु पर्नेछ । त्यसरी कार्यक्रम संशोधन गरेको जानकारी योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । संघीय विशेष अनुदान तर्फ राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गरी चिस्यान घर निर्माणमा रु.१६०००००। अनुदान दिने गरी शुरु कार्यक्रम स्वीकृत भएकोमा गाउँपालिका स्तरिय कृषि विकास कार्य समितिले सिफारिस गरे बमोजिम कार्यपालिकाले उक्त कार्यक्रमलाई कृषि यान्त्रीकरण (मिनिटिलर) वितरण कार्यक्रममा रु. ८ लाख र थ्रेसर वितरण कार्यक्रममा रु. ८ लाख गरी कार्यक्रममा परिवर्तन गरी रु. १५ लाख ६४ हजार खर्च लेखेको हुँदा स्वीकृत कार्यक्रम विपरित खर्च गरेको नियमसम्मत नदेखिएको रु

| गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ४७।०८१।३।१४ | मल्ट्क्रप थ्रेसर १३ वटा | ७८०००० |
| ४८।०८१।३।१४ | मिनिटिलर १४ वटा | ७८४००० |
| **जम्मा** | | **१५६४०००** |

| | |
|---|---|
| अनियमित भएको | १५,६४,००० |

८० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सिमा भित्र रहेर खर्च गर्नुपर्ने व्यवस्था छ । पशुसेवा कार्यक्रमको लागि यसवर्ष ८० प्रतिशत अनुदानमा ९० वटा बोयर बाख्रा वितरणको लागि रु. १४,४०,०००।०० बजेट व्यवस्था रहेको छ । गो. भा. नं. ५४।२०८१।३।१७ बाट यसवर्ष १० वटा बोका र ६२ वटा बाख्रा रु. १९,२०,०००।०० मा खरिद गरी ८० प्रतिशतले हुने रकम रु. १५,४०,०००।०० बजेट खर्च लेखेको पाइयो । स्वीकृत कार्यक्रममा ९० वटा वितरण गर्ने कार्यक्रम भएकोमा ७२ वटा मात्र वितरण गरेको र स्वीकृत बजेट रु. १४,४०,०००।०० भएकोमा रु. १५,४०,०००।०० बजेट खर्च लेखेकोले स्वीकृत बजेट भन्दा रु. १,००,०००।०० बढी खर्च लेखि बढी व्ययभार पारेको देखिएको रु.

| अनियमित भएको | १,००,००० |
|---|---|

८१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सो उपनियमहरुमा उल्लेखित सीमाभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भनि व्यवस्था छ । पालिकाले यसवर्ष उक्त सामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई एकै फर्मसंग पटक पटक सोझै खरिद गरेको देखिएको छ । पालिकाले खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुकुल नहुने गरी सामान खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| **गो. भा. नं. र मिति** | **फर्मको नाम** | **खरिद सामाग्री** | **रकम** |
|---|---|---|---|
| **संघीय सशर्त पूँजिगत तर्फ** | | | |
| ४७।२०८१।३।१४ | बि. जि. ट्रेड सेन्टर | मल्टीक्रम थ्रेसर | ७८००००।०० |
| ४८।२०८१।३।१४ | बि. जि. ट्रेड सेन्टर | मिनिटिलर | ७८४०००।०० |
| २४।२०८१।१।२० | बि. जि. ट्रेड सेन्टर | मिनिटिलर | ७८४०००।०० |
| ३४।२०८१।२।२८ | न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स | तरकारी कम्पोजिट | २,९८,८००।०० |
| ३५।२०८१।२।२८ | न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स | ढुसी नासक औषधी | ३,९८,८००।०० |
| ६६।२०८१।३।२४ | न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स | तरकारी कम्पोजिट | ५,३९,०००।०० |
| २४।२०८१।१।२० | न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स | तरकारी कम्पोजिट र च्याउको बिउ | ५,३६,९००।०० |
| **संघीय सशर्त चालु तर्फ** | | | |
| १२७।२०८१।१।२० | जे.के. छापाखाना | मार्कसिट, सर्टीफिकेट, कपी, पेपर | ७४२०६८।०० |
| २७६।२०८१।३।२४ | जे.के. छापाखाना | स्थानीय पाठ्यक्रम छपाई | ३९५५००।०० |
| **जम्मा** | | | **५२५९०६८।००** |

| अनियमित भएको | ५२,५९,०६८ |
|---|---|

८२ **कर दाखिला :**

आयकर ऐन, २०५८ को दफा ९० बमोजिम महिना समाप्त भएको २५ दिन भित्र अग्रिम कर दाखिला गर्नुपर्ने व्यवस्था छ। विविध खर्च खाता तर्फ कट्टी गरिएको देहाय बमोजिमको अग्रिम कर,अन्य बहाल कर, धरौटी, मुल्य अभिवृद्धि कर र सामाजिक सुरक्षा कर गरी रु. २५९२०५। सम्बन्धित खातामा दाखिला नभएको हुँदा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु २५९२०५।

| गो भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| २।०८०।८।७ | अग्रिम कर | १६७२६ |
| २।०८०।८।७ | मु अ कर | ४३४९० |
| ५।०८०।१२।१५ | अग्रिम कर | १३३९४ |
| | सा सु कर | २८७८५ |
| | अन्य वहाल कर | १४६२२ |
| ७।०८१।२।४ | अग्रिक कर | १९२९३ |
| | मु अ कर | ५०१८८ |
| | धरौटी | ७२७०७ |
| | **जम्मा** | **२५९२०५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५९,२०५ |

८३ **कर दाखिला :**

आयकर ऐन, २०५८ को दफा ९० बमोजिम महिना समाप्त भएको २५ दिन भित्र अग्रिम कर दाखिला गर्नुपर्ने व्यवस्था छ। प्रकोप व्यवस्थापन कोष खाताबाट विभिन्न भौचरबाट भुक्तानी गर्दा रु. १८१६९। अग्रिमकर र अन्य बहाल कर कट्टी गरेकोमा लेखापरीक्षणको अवधिसम्म पनि कर रकम दाखिला नगरेकोले संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,१६९ |

८४ **विविध खर्च :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार खाना तथा विविध खर्चमा रु.१४९६५८४। खर्च गरेको देखिन्छ । उक्त खर्च आन्तरिक आयको १८.५१ प्रतिशत रहेको छ। पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

८५ **सामुदायिक वन :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिका क्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेस गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकमसमेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सानुदायिक बन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ।

८६ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु.९१३५६००६।३४ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

८६.१ डाटा शुद्धिकरण : प्रथम त्रैमासिक देखि चौथो त्रैमासिक सम्मको सामाजिक सुरक्षा निकासा कार्यालयले बैंक मार्फत विभिन्न मितिमा कार्यालयले सेवाग्राहीको खातामा जम्मा तथा EFT मार्फत सामाजिक सुरक्षाको निकासा गरेको पाईयो । कार्यालयले सम्बन्धित

शाखाबाट निकासाको प्रमाणित विवरण स्रेस्तामा राख्नु पर्नेमा राखेको देखिएन । अन्तिम त्रैमासिकसम्मको निकासा सन्दर्भमा कार्यालयले बैंकसंग समन्वय गरी डाटा शुद्धिकरण मार्फत बांकी रकम फिर्ता गर्नुपर्ने भएमा यकिन गरी उक्त रकम संघिय राजश्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

८६.२ **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेकोकेही उदाहरण निम्नानुसार रहेको छ:

| Ward Number | Personal Id | Member Name | Citizenship Number | Deposited Amount |
|---|---|---|---|---|
| 6 | 2008092901876 | Deu kumari Gharti | 45981645 | 12000 |
| 6 | 2008092901868 | lalbir oli | 45981645 | 12000 |
| 8 | 2004092500933 | Tuli Khadka | 4435481 | 12000 |
| 8 | 2001123207272 | Tulsi Damai | 4435481 | 12000 |
| 4 | 2015010400899 | Birma Khadka | 563004626 | 7980 |
| 4 | 2028031100489 | Riuli Budha | 563004626 | 7980 |

८६.३ अनुगमन तथा निरीक्षणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ वमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो वमोजिम गाउँपालिकाले कसैले दोहोरो हुने गरी र सरकारी सुविधा लिने व्यक्तिले भत्ता लिए/नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको देखिएन । कार्यविधिले तोके वमोजिम अनुगमन हुनुपर्दछ ।

८६.४ पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ वमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने वैंङ्क, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया सम्बन्धी स्थानीय सामाजिक संघ/संस्था तथा गैह्र सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानिय एफ.एम लगायत सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम स्थानीय तहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले सो वमोजिमको कार्य गरेको देखिएन ।

८७ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १० वडामा बाटो सोलिङ, सडक निर्माण, गोरेटो वाटो निर्माण, मठ मन्दिर मर्मत, घोरेटो बाटो निर्माण, ग्याविन जाली भर्ने लगातका कार्यमा जम्मा १० योजना सञ्चालन गरी यस वर्ष ज्यालामा रु. ५७८२४२३। समेत रु. ५८३४८३२। खर्च गरेको छ। लक्षित वर्ग ८४ जनालाई औषतमा ८४ दिन ले ८३९२ दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला रु ५७८२४२३। खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट

लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| वडा नं | योजना संख्या | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| १ | १ | ४८७२०० | ४८७२०० | ४८२३२८ | ७ | १०० |
| २ | १ | ७६५६०० | ७६५६०० | ७५७९४४ | ११ | १०० |
| ३ | १ | ५५६८०० | ५५६८०० | ५५१२३२ | ८ | १०० |
| ४ | १ | ५५६८०० | ५५६८०० | ५५१२३२ | ८ | १०० |
| ५ | १ | ४८७२०० | ४८७२०० | ४८२३२८ | ७ | १०० |
| ६ | १ | ६२६४०० | ६२६४०० | ६२०१३६ | ९ | १०० |
| ७ | १ | ५५६८०० | ५५१२३२ | ५४५७१९ | ८ | १०० |
| ८ | १ | ६२६४०० | ६२६४०० | ६२०१३६ | ९ | १०० |
| ९ | १ | ५५६८०० | ५५६८०० | ५५१२३२ | ८ | १०० |
| १० | १ | ६२०४०० | ६२०४०० | ६२०१३६ | ९ | १०० |
| **कुल जम्मा** | | **५८४०४००** | **५८३४८३२** | **५७८२४२३** | **८४** | **१००** |

८८ **मुख्यमन्त्री रोजगार कार्यक्रम :**

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार पालिकामा १० वटा योजनामा रु. १५ लाखको दरले रु १५००००००। विनियोजन भएकोमा सामाग्रीमा रु. ५२१६५७८। र ज्यालामा रु. ९५७८८६३। रु. १४७९५४४१। खर्च हुनुको साथै २१३ जनाले औषतमा ६५ दिन रोजगारी प्राप्त गरेका छन । विद्यालय पर्खाल तथा घेराबारा, भवन निर्माण, सडक नाली पर्खाल निर्माण लगायतका कार्यमा खर्च लेखेको छ। पालिकाका नियमित योजना र मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम , त्रिबेणी गाउँपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Yagya Bahadur Bhandari | २०८१-६-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Jaya Bahadur Thapa | २०८१-१-२८ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९१२,४४० | १३,६३४,०८२ | ५,९७६,१३४.५ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २०,५२२,६५६.५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३६,००० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,४८६,६५६.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४८५८६३४७.६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२३५३१००० | **चालु खर्च** | ३६६१७४८२८.७९ |
| **प्रदेश सरकारबाट अनुदान** | ६९०९५०२५ | **पूँजीगत खर्च** | ११७३५४८०१ |
| **राजश्व बाँडफाँट** | ६९९३४८९१.२७ | **वित्तीय/अन्य व्यवस्था** | २५२१६७९८९.१६ |
| **आन्तरिक आय** | ८०८७०५७.९ | | |
| **अन्य आय** | ३५११३१७९२.३३ | | |
| **कुल आय** | ८२१७७९७६६.५ | **कुल खर्च** | ७३५६९७६१८.९५ |
| **बाँकी मौज्दात** | | १३४६६८४९५.२४ | |

## सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुनबमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।